भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३०० ★ ने. सं. ११४६ कछला गा, त्रयोदशी ★ मङ्गलबार ★ २ मङ्सिर, २०८२ ★ November 18, 2025, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## खवप अस्पतालबाट १ हजारभन्दा बढीले लिए सुत्केरी सेवा




भक्तपुर, १ मङ्सिर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खवप अस्पतालबाट पछिल्लो २ वर्षमा १ हजारभन्दा बढीले सुत्केरी सेवा लिएका छन् । खवप अस्पतालका कर्मचारी भेटघाट कार्यक्रममा अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले अस्पतालबाट नर्मल र शल्यक्रियामार्फत १ हजारभन्दा बढीले सन्तान जन्माएको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् खवप अस्पताल सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुरलाई आदर्श नगर बनाउने परिकल्पनाअनुसार भक्तपुरको विकास अगाडि बढिरहेको बताउँदै नपाबाट सञ्चालित शैक्षिक संस्था र अस्पतालले गुणस्तरीय सेवामा प्रतिस्पर्धाको नीति अवलम्बन गरेको बताउनुभयो ।

जनताबाट प्राप्त सुझाव र गुनासोलाई मनन गर्दै खवप अस्पतालको सेवा सुविधालाई विशिष्टीकृत गर्दै लगिएको बताउँदै उहाँले विशेषज्ञहरूको सल्लाह र नगरपालिकाको व्यवस्थापनमा शैक्षिक संस्था र अस्पताल सञ्चालनमा रहेको बताउनुभयो ।

उहाँले भक्तपुरको शैक्षिक प्रगति र खवप अस्पतालको सेवा प्रवाहले गर्दा भक्तपुरप्रति आकर्षण बढिरहेको बताउँदै प्रतिकूलताबिच अनुकूलता खोज्दै भक्तपुरले आफ्नो विकासको गतिलाई अगाडि बढाउँदै छ भन्नुभयो ।

कोभिडको समयमा जनताको सहयोग लिएर खवप अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरी आज खवप अस्पतालले सम्पूर्ण नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरण गर्दै आइरहेको बताउँदै प्रमुख प्रजापतिले जनताले देखाएको सहयोगी भावनाले गर्दा नगरपालिकाका हरेक काममा सफलता मिलेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नागरिकहरूलाई स्वस्थ बनाउने उद्देश्यले खवप अस्पताल स्थापना भएको बताउँदै भक्तपुरमा सुरक्षित मातृत्व सेवा सञ्चालनले धेरै महिलाहरू लाभान्वित भएका छन् भन्नुभयो ।

उहाँले भक्तपुरका अग्रजहरूको दूरदर्शी सोचका कारण भक्तपुरले सबै क्षेत्रमा सफलता हासिल गरेको बताउँदै अस्पतालले नसर्ने रोगको जोखिम न्युनीकरणको लागि जनचेतनामूलक कार्यक्रमहरू अगाडि बढाउँदै जानुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले स्वस्थ नवजात शिशु जन्मको लागि सहजीकरण गर्ने खवप अस्पतालका सम्पूर्ण चिकित्सकहरूमा धन्यवादज्ञापन गर्दै अस्पतालका कमीकमजोरीहरूलाई छलफल गरी सुधार्दै अझ राम्रो बनाउँदै जानुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति खवप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले खवप अस्पतालले सुरुदेखि नै महिला स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आएको बताउँदै अस्पतालको प्रगतिमा सामूहिक कार्य अत्यन्त महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।

खवप अस्पतालको प्रसूति विभागमा कार्यरत स्टाफ नर्स रमिता कुम्पाख र सुजना बासुकलाले पनि खवप अस्पतालबाट प्रवाहित सेवा सुविधाबारे जानकारी दिनुभयो । खवप अस्पतालले २०८० वैशाख १७ गतेबाट प्रसूति सेवा विस्तार गरेको थियो । खवप अस्पतालमा प्रसूति सेवा सञ्चालनसँगै धेरै महिलाहरूलाई सहज भएको छ । प्रसूति सेवाको लागि अन्य अस्पताल जानुपर्ने बाध्यताको अन्त्य भएको छ । खवप अस्पतालले वार्षिक साढे दुई लाखको हाराहारीमा बिरामीलाई उपचार सेवा प्रदान गर्दै आएको छ ।

## निर्वाचनमा भाग लिन नेमकिपा आयोगमा दर्ता

काठमाडौँ, १ मङ्सिर । निर्वाचन आयोगले २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि मङ्सिर १ गतेदेखि १० गतेसम्म र २०८२ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको लागि मङ्सिर १ गतेदेखि ७ गतेसम्म दल दर्ता गर्ने कार्यतालिका सार्वजनिक भयो ।

सोही कार्यतालिकाअनुसार नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिन मङ्सिर १ गते दल दर्ता गरेको छ । पार्टी सचिव प्रेम सुवाल निर्वाचन आयोगमा दल दर्ता गर्न पुग्नुभएको हो । नेपाल मजदुर किसान पार्टी प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि दर्ता नं. ५ मा र राष्ट्रियसभा सदस्यका लागि दर्ता नं. १ मा दर्ता भएको हो ।

## नेपाली जनता सचेत हुनुपर्ने केही विषय

काठमाडौँ, १ मङ्सिर । नेपाली नागरिकताको परिचयपत्रको व्यवस्था भइरहेकै हो । नेपालजस्तो शिक्षा, स्वास्थ्य, आवास र खाद्यान्नमा पछाडि परेको देशमा अरबौँ रूपैयाँ खर्च हुने गरी राष्ट्रिय परिचयपत्र छपाइमा कमिसन कुम्ल्याउने अधिकारीहरूलाई कठघरामा उभ्याउनु जरुरी छैन र ? नेपाली नागरिकताको आधारमा मतदान गर्न मिल्ने व्यवस्था नगरी मतदाता परिचयपत्र थप प्रकाशित गरी अर्बौं रूपैयाँ कमिसन कुम्ल्याउनेहरूलाई पनि कठघरामा उभ्याउनुपर्ने होइन र ? विदेशीलाई नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउनेहरूलाई पनि कठघरामा उभ्याउनु जरुरी छ ।

विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य स्रोतसाधन र सेवा राष्ट्रियकरण, विदेशमा सम्पत्ति राख्न नपाउने, ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था नै नयाँ पुस्तासँगै सम्पूर्ण नेपाली जनताको रोजाइ हो नि ! यसमा 'पछि' र 'तर' थपिराख्नु पर्दछ र ? भ्रष्टाचार सजायमा मृत्युदण्डसम्मका कानुनी व्यवस्था भएका देशमा पनि भ्रष्टाचार यथावत रहेको भनी नेपालमा ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था गर्न दुविधा राख्नु हुँदैन ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूलाई नेपाली जनताले अब पनि विश्वास गर्नु जनतालाई थप धोका हुनेछ । यसअघि सरकारमा गएकाहरू उमेरका कारण अयोग्य होइन, जनतालाई दिएका वाचाअनुसार काम गर्न नसकेका कारण अयोग्य हुन् र भ्रष्टाचार एवम् कमिसनमा डुबेकाहरूलाई त जनताले कठघरामा उभ्याउनु जरुरी छ । यसअघिका शासक दल र तिनका नेताहरूको अनुहारमा लागेका सीमित व्यक्तिको स्वार्थ हेर्दै 'दाग' हटाउन ऐना पुछेर हुँदैन; उनीहरूको सर्वसाधारण जनतासामु एक थोक र सरकारमा पुगेपछि अर्को थोक गर्ने सैद्धान्तिक विचलन एवम् जनतामाथि धोका गर्ने विश्वासघात नै मेट्नु जरुरी छ ।

माओवादीबाट प्रधानमन्त्री भएका बाबुराम भट्टराईका महान्यायाधिवक्ता दोलखामा जन्मेर काठमाडौँ बसिरहेका मुक्ति प्रधानले पत्रकार डेकेन्द्र थापा हत्यामा संलग्नलाई उन्मुक्ति दिने गरी प्रहरी जाहेरी पत्र लेखेको सार्वजनिक भयो । नेपाली काङ्ग्रेसबाट रौतहटमा निर्वाचित सांसद अफताब आलमलाई मुद्दा

***बाँकी पृष्ठ ८ मा***

## सर्वोच्च अदालत सोमबारदेखि पूर्ण रूपमा सञ्चालन

काठमाडौँ, १ मङ्सिर । सर्वोच्च अदालत आजदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ । गत भदौ २४ गतेको जेनजी आन्दोलनपछि आगजनी भएर आशिंक रूपमा मात्रै सञ्चालन हुँदै आएको अदालत आजदेखि पूर्ण रूपमा सञ्चालन भएको हो ।

सर्वोच्च अदालतको गत कार्तिक २१ गतेको पूर्ण बैठक (फुल कोर्ट) ले आगजनी, ढुङ्गामुढा, तोडमोड र लुटपाटका घटनाबाट सुरक्षित मुद्दाहरू तथा अवरुद्ध भएका सबै सेवाको मङ्सिर १ गतेदेखि नियमितरूपमा सञ्चालन गर्ने निर्णय गरेको थियो ।

पूर्ण बैठकले भनेको थियो, "मुद्दाका मिसिलहरू नष्ट हुनबाट बचेकाले पेसी तारेखको मिति आउन बाँकी रहेका ती मुद्दाको मङ्सिर १ गतेदेखि पूर्ववत्‌रूपमा तोकिएको पेसी तारेखको दिन नियमित सुनुवाइ हुनेछ । अन्य पेसी नचढेका मुद्दाहरूको कानुनबमोजिम अङ्ग पुऱ्याई सुनुवाइ गरिने बेहोरा सम्बन्धित मुद्दाका पक्ष र अन्य सरोकार भएकाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।"

अवरुद्ध भएका सेवा सुरु हुनुका साथै मुद्दा, पुनरावेदनपत्र, दोहोऱ्याई पाउको निवदेन तथा पुनरावलोकन निवेदनका सबै मुद्दा तथा निवेदनहरू, दर्ता एवं सुनुवाइ सोमबारदेखि सुरु भएको सर्वोच्च अदालतले जनाएको छ ।

जेनजी आन्दोलनका कारण अदालतको भौतिक संरचना पूर्ण रूपमा नष्ट भएको थियो भने मुद्दाका मिसिलहरूसमेत जलेका थिए । अदालतको सूचना प्रविधि शाखाले सूचना प्रणालीको 'रिकभर' (पुनःप्राप्त) गरेको छ । ***रासस***

**चिसो मौसममा सुरक्षित रहौं।**

चिसो मौसममाः
❖तातो तथा न्यानो कपडा लगाऔं,
❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
❖घर तथा कोठा न्यानो बनाऔं,
❖बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
❖न्यानो सिरक ओढेर सुत्ने गरौं,
❖जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
❖चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
❖कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## व्यङ्ग्यचित्र कुनो





**पुनर्निर्माणको पखाईमा जाजरकोट दरबार**

वि.सं २०८० कार्तिक १७ गते गएको भूकम्पबाट क्षति भएपछि पुनर्निर्माणको पखाईमा रहेको २५७ वर्ष पुरानो जाजरकोट दरबार । भूकम्पअघि जिल्ला प्रशासन कार्यालय जाजरकोट यस भवनबाट सञ्चालनमा रहेको थियो । *तस्बिर : हेमन्त केसी/रासस*

# सल्लाघारीमा पाक्षिक सरसफाइ कार्यक्रम

भक्तपुर, १ मङ्सिर । भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइअन्तर्गत सोमबार सल्लाघारी सिर्जनानगरस्थित १०८ रोपनी भएको खुला चउरमा सरसफाइ गरियो ।

भक्तपुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष तथा वातावरण समिति सदस्य योगेन्द्रमान बिजुक्छेँले विभिन्न भेला र कार्यक्रम हुने सार्वजनिक ठाउँको सरसफाइ गर्नु स्थानीयवासीको भूमिका रहेको बताउँदै सार्वजनिक स्थलको सरसफाइ तथा फोहोर व्यवस्थापनको लागि नयाँ पुस्तालाई जनश्रमदान गर्न स्थानीयले अभिप्रेरित गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ४ का वडाध्यक्ष तथा वातावरण समितिका सदस्य उपेन्द्र सुवालले मानिसले आफू स्वस्थ हुनको लागि गरिने अन्य दैनिक क्रियाकलापझैँ सरसफाइ पनि दैनिकरूपमा गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं १ का कार्यवाहक वडाध्यक्ष कल्पना शिल्पकारले सार्वजनिक स्थलको सरसफाइमा स्थानीय जनता साथ र सहयोगले नमुना नगरको परिचयलाई स्थायित्व दिने बताउनुभयो ।

वडा नं १ का सचिव विजय लोहलाले पनि बोल्नुभएको उक्त सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं १ मा रहेका सन्तति आवि, ज्ञानविजय आवि, मोर्डन सेकेन्डरी स्कूल, जनप्रतिनिधि, स्थानीय समाजसेवी तथा बुद्धिजीवीहरूको उल्लेख्य सहभागिता रह्यो ।

# १२ दिने भिडियोग्राफी तालिम सम्पन्न




भक्तपुर, १ मङ्सिर । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाअन्तर्गत रहेको सूचना तथा प्रकाशन उपसमितिद्वारा कार्तिक १९ गतेदेखि सञ्चालित १२ दिने भिडियोग्राफी तालिमको समापन सोमबार सम्पन्न भयो ।

उक्त समापन कार्यक्रममा संस्थाका सल्लाहकार विष्णुगोपाल कुसीले सीप भएको व्यक्ति भोकै बस्न नपर्ने उल्लेख गर्दै सिकेको सीपलाई व्यवहारमा प्रयोग गर्नसके तालिम सार्थक हुने विचार व्यक्त गर्नुभयो ।

यहाँका हरेक सम्पदाहरूको सूक्ष्म अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विगतका पुरातात्त्विक वस्तुलाई जीवन्तता दिन लाग्नुपर्नेमा जोड दिनुभयो ।

सहकारीले सामाजिक दायित्व पनि निर्वाह गरिरहेको उल्लेख गर्दै उहाँले पुराना अग्रजसँग भएको सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्नु समयको आवश्यकता हो भन्नुभयो ।

तालिमका प्रशिक्षक शरद् राईले शिक्षा र सीपसँगै लानुपर्ने उल्लेख गर्दै सीपमा आधारित शिक्षा आजको आवश्यकता हो भन्नुभयो ।

देश विकास गर्ने एक आधार सीप हो; सीप नभएरै युवाहरू बिदेसिएका हुन्; तालिमले भोलि प्रतिफल पाउने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले विगतलाई वर्तमानले र वर्तमानलाई भविष्यसँग जोडने उल्लेख गर्दै जीवन परिवर्तनको लागि सीप अपरिहार्य छ भन्नुभयो ।

तालिम मार्ग दर्शन हुने उल्लेख गर्दै उहाँले यहाँका सहकारीहरू अरुको निम्ति अध्ययन गर्ने थलो बन्दै गइरहेको बताउनुभयो ।

आजोजक समितिका सभापति कृष्णश्वरी दुवालले इच्छा शक्ति भएमा आफ्नो काम पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षार्थीहरू रोमी ह्योम्बा, गोपालकृष्ण प्रजापति, प्रकृति बासीले आ-आफ्नो अनुभव बताउनुभयो । आयोजक समितिका सदस्य विमला कुसीले तालिमको आवश्यकताबारे चर्चा गर्नुभयो । संस्थाको २९ औँ स्थापना दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा अतिथि कुसीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिका क्षेत्रमा नापतौल डोर सञ्चालन




भक्तपुर, १ मङ्सिर । भक्तपुर नगरपालिका र भक्तपुर उद्योग वाणिज्य सङ्घको सहकार्यमा सोमबारदेखि भक्तपुर नगरपालिका क्षेत्रमा नापतौल डोर कार्यक्रम सुरु भएको छ ।

भक्तपुर जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूले प्रयोग गर्दै आएको नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरणका लागि गुणस्तर तथा नापतौल कार्यालय त्रिपुरेश्वरबाट खटिएको टोलीले भक्तपुर नगरपालिका-४ स्थित टुरिजम मार्केट परिसरमा कार्यालय राखेर सेवा दिएको हो । सङ्घका कोषाध्यक्ष एवं बजार अनुगमन उपसमितिका संयोजक विश्वराम दुवालका अनुसार मङ्सिर २ गते मङ्गलबार कमलविनायक बिगमार्ट परिसर, ३ गते बुधबार खौमा दरबार स्क्वायर गेटसँगै र ४ गते बिहीबार इनाचो पाटीमा डोर कार्यालय रहनेछ ।

सङ्घकी अध्यक्ष रोशनीमैयाँ धौबन्जाले जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूको मागअनुसार नै गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरलाई अनुरोध गरी डोर कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँले भक्तपुर उद्योग वाणिज्य सङ्घको पहलमा जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूको सहजतालाई मध्यनजर गरी विगतका वर्षहरूमा पनि डोर कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी वर्षमा पनि जिल्लाका विभिन्न स्थानमा डोर कार्यक्रम सञ्चालनलाई निरन्तरता दिन पहल गर्ने जानकारी दिनुभयो ।

गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट जिल्लामै डोर टोली खटाउँदा उद्योगी, व्यवसायी तथा व्यापारीहरू समय खर्चेर दर्ता तथा नवीकरणका लागि काठमाडौँ पुग्नुपर्ने झन्झटबाट मुक्त भएको सङ्घका महासचिव नविन प्रजापतिको भनाइ छ । डोर कार्यक्रममा स्थानीय व्यवसायी, व्यापारीहरूले उत्साहपूर्वक आआफ्ना नापतौलका सामग्रीहरू दर्ता तथा नवीकरण गराएको उहाँले जानकारी दिनुभयो । जिल्लाका उद्योगी, व्यवसायी एवं व्यापारीहरूले प्रयोग गरेका नापतौलका सामग्रीहरूको नियमानुसार जाँच गरी नयाँ दर्ता तथा नवीकरण गरिदिएको गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट खटिएको टोलीका प्रमुख पवन चन्दले बताउनुभयो ।

यसअघि मध्यपुर थिमि नगरपालिका र सङ्घको सहकार्यमा मध्यपुर थिमि नगरपालिकाका तीन स्थानमा कार्यालय राखेर नापतौल डोर कार्यक्रम सञ्चालन भएको थियो । गत बिहीबार मध्यपुर थिमि नगरपालिकाको ३ नं. वडा कार्यालय परिसरमा, शुक्रबार नयाँठिमीस्थित यचु पार्टी प्यालेसमा र आइतबार मिलरोडस्थित ग्ल्याडस्टोन एकेडेमीमा कार्यालय राखेर गुणस्तर तथा नापतौल कार्यालय त्रिपुरेश्वरको टोलीले सेवा दिएको थियो ।

# नयाँ मतदातामा उत्साह, पाँच हजार थपिए

काभ्रेपलाञ्चोक, १ मङ्सिर । काभ्रेपलाञ्चोकमा निर्वाचन घोषणा भएयता पाँच हजार मतदाता थपिएका छन् । सदरमुकाम धुलिखेलस्थित जिल्ला निर्वाचन कार्यालयमा पछिल्लो हप्तादेखि मतदाता नामावलीमा नाम दर्ता गर्न फोटो खिचाउने घुइँचो लागिरहेको छ ।

यसअघि तोकिएको कार्तिक ३० गतेसम्मको समयावधिमा भने जिल्लामा करिब पाँच हजार नागरिकले मतदाता सूचीमा नाम समावेश गरेका हुन् । कार्यालयले निर्वाचन घोषणा भएपछि यसअघि तोकिएको समयसम्ममा करिब पाँच हजार मतदाताले फोटो खिचाएको जनाएको छ । मतदाता सूचीमा नाम दर्ता गर्न फोटो खिचाउनेहरूको घुइँचो बढेसँगै निर्वाचन आयोगले मङ्सिर ५ गतेसम्मलाई समयावधि थप गरेको छ ।

कार्यालयका सूचना अधिकारी नरेश मानन्धरका अनुसार गत कार्तिक ३० गत एकै दिन २६४ जनाले मतदातामा सूचीकृत लागि फोटो खिचाएका छन् । त्यस्तै, शनिबार बिदाको दिनमा समेत कार्यालयले सेवा प्रदान गर्दा १७ जनाले फोटो खिचाएको मानन्धरले बताउनुभयो । पछिल्ला केही दिनदेखि दैनिक बिहान ८:०० देखि साँझ ६:०० बजेसम्म सेवा प्रदान गरिरहेको कार्यालयले गत शुक्रबार ३७९ को फोटो खिचाएको मानन्धरले जानकारी दिनुभयो ।

पछिल्लो १० दिनको अवधिमा मात्रै दुई हजार ७९८ जनाले फोटो खिचाएको कार्यालयले जनाएको छ । असोज १० देखि कार्तिक २० गतेसम्म दुई हजार १०९ जनाले फोटो खिचाएका थिए ।

यसैबिच जिल्लास्तरीय निर्वाचन समितिले कार्तिक तेस्रो साता नै निर्वाचनको तयारीस्वरूप मतदानस्थल र मतदान केन्द्रको फेरबदलका लागि सिफारिस गरिसकेको छ । गत कार्तिक १७ गतेसम्म काभ्रेपलाञ्चोकमा तीन लाख १३ हजार ३५० मतदाता कायम भएका थिए । गत कार्तिक १७ देखि ३० सम्म भने तीन हजार ५०० मतदाता थपिएका हुन् ।

जिल्लामा प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्र, चार प्रदेशसभा निर्वाचन क्षेत्र, १३ स्थानीय तहमध्ये छ नगरपालिका र सात गाउँपालिका तथा १३५ वडामा गत निर्वाचनमा १९० मतदानस्थल र ३८९ मतदान केन्द्र रहेका थिए । जिल्लामा हाल तीन लाख ७५ हजार २२१ जनसङ्ख्या रहेको छ ।

निर्वाचन आयोगको निर्णयानुसार मतदाता नामावलीलगायत मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१ ले तोकेबमोजिम वडा मतदानस्थल तथा मतदान केन्द्र सिफारिस तथा अन्य कार्य भइरहेको जिल्ला निर्वाचन अधिकारी दिनेश शिवाकोटीले बताउनुभयो । उहाँका अनुसार कार्यविधिले तोकेको मापदण्डअनुरूप खानीखोला गाउँपालिका-७, भुम्लु गापा-५, चौँरीदेउराली गापा-७, तेमाल गापा-१, बनेपा नपा-१३, धुलिखेल नपाको २ र ५, नमोबुद्ध नपाको २ र ७ तथा पाँचखाल नपाको ५ र ९ का लागि तोकिएका अनुसूची भरी मतदानस्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरिएको छ । ***रासस***

# के हाम्रो खानेकुराले स्वास्थ्यमा असर गर्छ ?

**- रोजी खड्का, प्रशिक्षार्थी**

के हामीले कहिल्यै सोच्यौँ, हाम्रो खानेकुराले हाम्रो स्वास्थ्यमा कस्तो भूमिका खेल्छ ? जङ्कफूड र चकलेट मिठाइले केही स्वाद त दिन्छ तर यसले हाम्रो शरीर र दिमागलाई असर गर्न सक्छ ।

के धेरै तातो, मसलेदार वा धेरै चिल्लो खाना खानाले हाम्रो पाचन र स्वास्थ्य बिगार्दैन ? फलफूल, सागसब्जी, दाल र अन्नले हाम्रो शरीरलाई ऊर्जा र मजबुती दिन्छ । के हामीले यो कुरामा ध्यान दिएका छौँ ?

आजकलको व्यस्त जीवनशैलीमा धेरैले छिटो खान पाउने खानेकुरा रोज्छन् । के यसले हाम्रो मानसिक स्वास्थ्यमा असर पार्दैन ? अनियमित खानपान, अधिक चिनी र फास्टफुडले हाम्रो मनोबल र निन्द्रामा असर गर्न सक्छ ।

के हामीले स्वास्थ्य खानेकुरा रोज्ने बानी बनाउन सक्छौँ ? पर्याप्त पानी पिए, सागसब्जी खाए र फलफूल खाए हाम्रो स्वास्थ्य र ऊर्जा सुधार्न पर्याप्त हुनसक्छ ।

हाम्रो शरीर र दिमाग दुबै स्वस्थ राख्न हामीले सचेत भएर खानेकुरा रोज्नुपर्छ । स्वस्थ खानपान र सन्तुलित जीवनशैली नै दीर्घकालीन स्वास्थ्यको कुञ्जी हो ।

## सङ्क्षिप्त समाचार

# राष्ट्र बैङ्कले ४२ अर्ब सरकारलाई उपलबध्र गराउने

काठमाडौँ, १ मङ्सिर । नेपाल राष्ट्र बैङ्कको सम्पत्ति तथा दायित्व रु. २६ खर्ब २३ करोड ९५ लाख ४० हजार बराबरको पुगेको छ । आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनअनुसार, २०८२ असार मसान्तको वित्तीय स्थितिमा २९ दशमलव २३ प्रतिशतले वृद्धि भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार, विभिन्न कोषमा आवश्यक रकम विनियोजन गरी बाँकी रु. ४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ ।

वार्षिक प्रतिवेदनअनुसार आव २०८१/८२ को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुन: मूल्याङ्कन लाभ हानी समायोजनअघिको खुद् आय अघिल्लो वर्षको तुलनामा नौ दशमलव ११ प्रतिशतले वृद्धि भई रु. ८० अर्ब ४८ करोड २६ लाख ५० हजार कायम भएको छ । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९१ मा बैङ्कले वासलात, आय, व्यय र सोसँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने र आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । ***रासस***

# एक वर्षमा ४२ हजार ८५६ विद्युतीय सिफारिस जारी

काठमाडौँ, १ मङ्सिर । एक वर्षको अवधिमा काठमाडौँ महानगरपालिकाले ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी गरेको छ । विसं २०८१ माघ १३ गतेदेखि कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमार्फत ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी भएको हो ।

सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालले कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमा गत वर्ष २३ हजार ८६३ र यस वर्ष १८ हजार ९९३ सिफारिस अनलाइनबाट स्वीकृत भएका जानकारी दिनुभयो । “चालु आर्थिक वर्षमा मात्र अनलाइनबाट सिफारिस माग गर्नेको सङ्ख्या २० हजार ३९८ सेवाग्राही हुनुहुन्छ । यो प्रणालीमा १९५ प्रकारका सेवासँग सम्बन्धित ढाँचा राखिएका छन्,” उहाँले भन्नुभयो । विद्युतीय सेवाका लागि सञ्चालन गरिएको ‘सिफारिस तथा प्रमाणित प्रक्रिया व्यवस्थापन प्रणाली’ लाई थप परिष्कृत गर्दै लैजाने उद्देश्यले कामपाले उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो ।

विद्युतीय हस्ताक्षर प्रणालीलाई कार्यान्वयन गराउने विषय उल्लेख गर्दै उहाँले भन्नुभयो, “अनलाइन प्रणालीको पूर्ण कार्यान्वयनले नागरिकको धेरै समस्या सुल्झिन्छन् । सेवा लिन नागरिकले कार्यालय पुग्नु नपरोस् । पुग्नै परे पनि कुर्नु नपरोस् । यसका लागि हामी संवेदनशील बन्नुपर्छ ।”

चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रममध्ये सार्वजनिक सूचनामार्फत प्रक्रिया अगाडि बढाउनुपर्ने कामलाई तत्काल अगाडि बढाउन, अन्तिम लेखा परीक्षणका लागि जिम्मेवारी छुट्याउन, आवश्यक पर्ने कागजात तयार पार्न आग्रह गरिएको छ । ***रासस***

# सिद्धिचरण राजमार्ग स्तरोउन्नतिको काम थालिने

कटारी, १ मङ्सिर । सिद्धिचरण राजमार्गको स्तरोउन्नतीको काम तत्काल थालिने भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले जानकारी दिनुभएको छ । राजमार्ग अन्तर्गतको उदयपुरको कटारी-घुर्मी सडकखण्डसङ्घर्ष समितिले आइतबार काठमाडौँमा बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै उहाँले एक महिनाभित्र बहुवर्षीय ठेक्का लगाउने र काम अघि बढाउने जानकारी दिनुभयो ।

“आफूले पनि यो सडक हिँडेको र समस्या बुझेको भन्नुहुँदै तत्काल सडक स्तरोउन्नतीको काम अघि बढाउन निर्देशन दिनुभयो ।” समितिका संयोजक लीलाबहादुर खत्रीले भन्नुभयो, “उहाँको स्वकीयहरूलाई पनि यो सडकको समस्या थाहा रहेछ यहाँका जनता पीडित नै छन् भनेपछि ठेक्का प्रक्रिया अघि बढाउछौँ भन्नुभयो ।”

यस सडकखण्ड निर्माणका लागि रु. चार अर्ब १२ करोड बजेट रहेको जनाइएको छ । राजमार्गको कटारी-घुर्मी ४७ किमि सडक जीर्ण अवस्थामा छ । आउँजाउमै समस्या भएपछि यसअघि समितिले सडकसमेत अवरुद्ध गरेको थियो । सडक आसपासका स्थानीय धुलोले आजित भएका थिए ।

तीन दशकअघि निर्माण गरिएको यो सडक जीर्ण हुँदा पहाडी जिल्ला ओखलढुङ्गा सोलुखुम्बु, खोटाङवासी समेतलाई समस्या परेका छन् । तराईबाट पहाड प्रवेश गर्ने पहिलो र छोटो नाका स्तरोउन्नती नहुँदा वर्षौंदेखि जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता छ । ***रासस***

# वाणिज्य विभागले माग्यो आवश्यक सुझाव

काठमाडौँ, १ मङ्सिर । वाणिज्य विभागले बजारको तह र वस्तु तथा सेवाको मापदण्ड निर्धारणका लागि आवश्यक सुझाव उपलब्ध गराउन आग्रह गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १३ अनुसार, बजारको तह तथा वस्तु र सेवाको मूल्यको मापदण्ड निर्धारण गर्नका लागि अध्ययन प्रतिवेदन पेस गर्न विभागका महानिर्देशकको संयोजकत्वमा समिति गठन गरिएको विभागले स्मरण गराएको छ ।

नागरिक तथा उपभोक्ता समेतबाट बजारको तह र मूल्य निर्धारणसम्बन्धी मापदण्डको मस्यौदा तयार गर्नका लागि सुझाव लिने निर्णय भएको विभागले उल्लेख गरेको छ । वस्तु तथा सेवाको मूल्य निर्धारणमा एकरूपता, पारदर्शिता र नियमनको आवश्यकता, मूल्य नियन्त्रण, उपभोक्ता संरक्षण तथा बजार सन्तुलनका साथै बजारको नियम समेतलाई मध्यनजर गर्दै हाल चलनमा रहेका बजार संरचनाको स्पष्ट परिभाषा भएको विभागले स्पष्ट पारेको छ । मूल्य निर्धारण मापदण्डका लागि स्पष्ट आधार तथा औचित्य समेतलाई विचार गरी १५ दिनभित्र सुझाव दिन सम्बद्ध सबैलाई विभागले आग्रह गरेको छ । ***रासस***



**महाकाली नदीको बनबासा पुल**

नेपालको सुदूरपश्चिम प्रदेश र भारतको उत्तराखण्ड प्रदेशको सीमा नाकामा महाकाली नदी माथि बनेको बनबासा पुल (शारदा ब्यारेज) । यो पुलले कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका र भारतको उत्तराखण्डको बनबासा बजारलाई जोड्छ । *तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस*

# कर्णाली प्रदेशका अस्पतालमा अझै चिकित्सक पाउनै कठिन

कर्णाली, १ मङ्सिर । कर्णाली प्रदेश अस्पताल सुर्खेतको सेवा प्रवाह, संरचना र जनशक्ति व्यवस्थापनबारे कर्णाली प्रदेशसभाको सामाजिक विकास समितिमा सोमबार छलफल भएको छ ।

सुर्खेत वीरेन्द्रनगरमा बसेको बैठकमा प्रदेश सरकारसहित सरोकारवालासँग छलफल भएको हो । गत कार्तिक २२ गते समितिको बैठकले सरोकारवालालाई आमन्त्रण गर्ने निर्णय गरे बमोजिम बैठक बसेको थियो । सो बैठकमा सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले अस्पतालका लागि विशेषज्ञ चिकित्सक पाउन मुस्किल भएको बताउनुभयो ।

सरकारले चाहेर मात्रै पनि सुविधालाई बढवा दिन नसकिएको भन्दै मन्त्री भण्डारीले कर्णालीको भूगोल र वास्तविकतालाई आकलन गर्दा विषेशज्ञ चिकित्सक कर्णाली आउन नमान्ने अवस्था विद्यमान रहेको जनाउनुभयो । उहाँले भन्नुभयो, “सरकारले गाउँगाउँमै चिकित्सक पठाउने गरी छात्रवृत्ति दिने र करारकालाई स्थानीय तहसम्म परिचालन गरेपनि मेडिकल अधिकृतभन्दा माथिल्लो तहको चिकित्सक पाउन जटिल छ ।”

उहाँका अनुसार स्वास्थ्य क्षेत्र अहिले प्राथमिकतामा पर्न सकेको छैन । कोभिड पछिका दिनमा बजेट स्रोत घटिरहेको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेले जनशक्ति अभाव र व्यवस्थापनमै कमजोरी भएको स्वीकार्नुभयो । प्रदेश सरकारद्वारा स्वीकृत १५० शय्या भए पनि हाल ३०० शैय्या बराबरको सुविधा उपलब्ध गराउनु परेको र विशेषज्ञ सेवा करिब ९१ जनाले प्रदान गरेतापनि जनशक्ति व्यवस्थापनका लागि बजेट पर्याप्त नभएको उहाँको भनाइ थियो ।

प्रदेश अस्पतालका निर्देशक डा. गणेश थापाले विशेषज्ञ चिकित्सकको अभावले ३७ जना आवश्यक जनशक्तिमा हाल १९ जनाबाट मात्र सेवा प्रवाह भइरहेको जानकारी दिनुभयो । उहाँले चार/पाँच हजार केभिए विद्युत् आवश्यक हुँदा पनि एक हजार केभिए क्षमताको लोड प्राप्त भएको आवश्यकताअनुसार विद्युत् आपूर्ति हुन नसकेको गुनासो गर्नुभयो ।

समितिका सभापति पूर्णबहादुर खत्रीले बैठकमा प्रदेश अस्पतालमा कार्यरत जनशक्तिको पदपूर्तिको अवस्था, कार्यदक्षता, सेवा प्रवाहमा हुने ढिलासुस्तीका कारण, सुधारका विषयका सम्बन्धमा छलफल भएको जानकारी दिनुभयो । ***रासस***

# पाठेघरको मुखको क्यान्सर : स्क्रिनिङ र खोप विस्तार जरुरी

काठमाडौँ, १ मङ्सिर । सोमबार १७ नोभेम्बर, विश्व पाठेघर मुखको क्यान्सर निवारण दिवस । यस वर्ष पहिलो पटक ‘आजैदेखि लागौँ : पाठेघरको मुखको क्यान्सर निवारण गरौँ’ भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा महिलामा पाठेघरको मुखको क्यान्सर चौथो मुख्य क्यान्सरका रूपमा रहेको छ । हरेक वर्ष विश्वमा छ लाख ६० हजार महिलालाई पाठेघरको क्यान्सर हुने र करिब तीन लाख ५० हजार महिलाको मृत्यु हुने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

नेपालमा क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो कारणमा पाठेघरको मुखको क्यान्सर रहेको छ । रोकथाम गर्न सकिने हुँदाहुँदै पनि नेपालमा प्रतिदिन छ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखापर्ने गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यही क्यान्सरका कारण प्रतिदिन चार जना महिलाले ज्यानसमेत गुमाइरहेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले पाठेघरको मुखको क्यान्सर, रोकथाम र निवारणका लागि यस नाराले सबै सरोकार भएका निकायलाई गम्भीर बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबैले आ-आफ्नो स्थानबाट क्यान्सर, रोकथाम र निवारणका लागि अहिलेदेखि नै कदम चाल्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दिवसको अवसरमा सोमबार भिडियो सन्देश जारी गर्दै उहाँले समयमै स्क्रिनिङ, एचपिभी (ह्यमून प्यापिलोमा भाइरस) खोप विस्तार, जनचेतना वृद्धि र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्नुपर्ने बताउनुभयो । यस रोगको निवाराणका लागि स्क्रिनिङ, खोप विस्तार अनिवार्य रहेको डा. देवकोटाको धारणा छ ।

उहाँले भन्नुभयो, “पाठेघरको मुखको क्यान्सर निवारण लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट गत वर्षदेखि राष्ट्रिय खोप कार्यक्रममा एचपिभी खोपलाई समावेश गरी ९४ प्रतिशत किशोरीलाई पहिलोपटक नि:शुल्क सेवा प्रदान गरिएको छ । यस वर्षको फागुनमा विद्यालय जाने ६ कक्षाका छात्रा र विद्यालयबाहिर रहेका १० वर्षका किशोरीलाई उक्त खोप दिने कार्यक्रम छ ।”

यो क्यान्सर निवारणका लागि सन् २०३० सम्ममा सरकारले ९० प्रतिशत किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाउने, ३० वर्ष माथिका ९० प्रतिशत महिलाको स्क्रिनिङ गर्ने र पाठेघरको मुखको क्यान्सरको निदान भएका ९० प्रतिशत महिलाको उपचार गर्ने रणनीतिक लक्ष्य लिएको छ ।

चिकित्सकका अनुसार ३० वर्ष उमेरभन्दा माथिका सबै महिलाले नियमित रूपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनुपर्दछ । एचआईभी सङ्क्रमित महिलाले २५ वर्षको उमेरदेखि नियमित रूपमा प्रारम्भिक जाँच गराउनुपर्दछ ।

नेपाल जनसाङ्ख्यिक सर्वेक्षणका अनुसार करिब ११ प्रतिशत महिलाले मात्र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गराएका छन् । यसका प्रमुख चुनौतीहरूमा महिलामा सचेतना अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच, दक्ष जनशक्ति अभाव, नियमित कार्यक्रमको कमी, कमजोर तथ्याङ्क व्यवस्थापन, सामाजिक लाजभाव र आर्थिक रहेका छन् । जसले गर्दा धेरै महिलामा रोग ढिलो चरणमा मात्र पत्ता लाग्ने र मृत्युदर उच्च रहने गरेको डा. देवकोटाले बताउनुभयो । ***रासस***

# ‘समय नपुगी जन्मिएका शिशुको एक महिनाभित्र अनिवार्य परीक्षण गराउनुपर्ने’

काठमाडौँ, १ मङ्सिर । सोमबार नोभेम्बर १७ प्रत्येक वर्ष यस दिन समय अगावै जन्मिएका नवजात शिशु दिवस (वर्ल्ड प्रिम्याचुरिटी डे) मनाउने गरिन्छ ।

चिकित्सकका अनुसार समय अगावै जन्मिएका नवजात शिशुको आँखामा समस्या हुन सक्छ र त्यसको पहिचान समयमै हुन अत्यन्तै जरुरी छ । यस दिवसले समयपूर्व जन्मिएका शिशुहरू र तिनका परिवारले सामना गर्ने चुनौतीबारे सचेतना बढाउने लक्ष्य राख्दछ ।

आँखा रोग विशेषज्ञ (मेडिकल रेटिना कन्सलटेन्ट) डा. एली प्रधान रञ्जितकारले समयपूर्व जन्मिएका शिशुका लागि २८ दिनभित्र आँखाको परीक्षण अनिवार्य रहेको बताउँदै समयमा गरिने उपचारले दृष्टिविहीन हुनबाट जोगिन सक्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, “त्यस्ता शिशुको हकमा ‘रेटिनोप्याथी अफ प्रिम्याच्युरिटी’ (आरओपी) जस्ता गम्भीर आँखा रोगको जोखिम उच्च हुन्छ । भर्खरै जन्मिएको नवजात शिशुको आँखा परीक्षण अनिवार्य गर्नुपर्छ । गर्नुभएको छैन भने परीक्षण गराउनुपर्छ नभए जोखिम बढ्दै जान्छ ।”

बाल आँखा रोग विशेषज्ञ डा. सिर्जना अधिकारीका अनुसार नौ महिना पुग्नुअघि नै कुनै शिशु जन्मेको छ त्यो बच्चाको आँखाको पर्दामा केही समस्या देखिन सक्छ । उहाँले भन्नुभयो, “जसमा आँखाको पर्दामा रगत जम्ने र समयमा उपचार पाएन भने आँखाको पर्दा र रगतको नशा च्यातिएर बच्चा अन्धो पनि हुन सक्छ । त्यसैले त्यस्ता शिशुलाई एक महिनाभित्र आँखा विशेषज्ञलाई भेटेर परीक्षण गराइहाल्नुपर्छ ।”

डा. प्रधानका अनुसार विश्वभर प्रत्येक १० मध्ये एक शिशु समय अगावै जन्मिन्छन् र नेपालमा यीमध्ये ३० प्रतिशत शिशुमा आरओपी भएको पाइन्छ । उहाँले ३४ हप्ता अगावै जन्मिएका, दुई किलोभन्दा कम तौल भएका, नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू) मा धेरै दिन भर्ना गरेर राखेमा आँखाको समस्या हुन सक्ने बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# शासकहरू मातृभूमिप्रति सच्चा बफादार हुनु जरुरी

देशको मातृभूमिभन्दा राजनीतिक दल ठुलो हुँदैन । नेपाली जनताभन्दा विदेशी मालिक या दलाल ठुलो हुँदैन । देशलाई भुल्ने, विदेशी शक्ति राष्ट्र या विदेशी दलालको सेवा गर्ने, उनीहरूको पछि लाग्ने दल र दलका नेताहरू देशभक्त हुनसक्दैनन् । हरेक राजनीतिक दलको ध्येय देश जोगाउने र बनाउने हुनुपर्छ । सबै नागरिकहरूलाई देशभक्तिको भावनाबाट अभिप्रेरित गर्नुपर्छ । विदेशी शक्तिको भरमा देश चलाउने होइन; विदेशी शक्ति राष्ट्रहरूको सहयोगमा देश बन्दैन, देश आत्मनिर्भर हुँदैन । देशका शासक दल, अन्य राजनीतिक दल, नागरिक समाज र आम जनतामा देशभक्तिको भावना भए देशमा थिचोमिचो हुँदैन; थिचोमिचो गर्न दिँदैन । देशभक्त भएमा, देश र जनताप्रति समर्पित भएमा देशलाई आन्तरिक र बाह्य कुनै शक्ति या देशले क्षति पुऱ्याउन सक्दैन; अरु देशको धम्की र उठबसमा बस्नु पर्दैन । यसको लागि शासक दल र अन्य दलहरूले सही दिशाबोध गर्नुपर्छ; सिद्धान्त र विचारको राजनीति गर्नुपर्छ । सरकारमा रहेका दलका नेताहरूले गरेका कमी कमजोरी औंल्याएर अघि बढ्नुपर्छ । हरेक राजनीतिक दलभित्र इमानदार, कर्तव्यनिष्ठ, देशभक्त तथा विदेशी शक्तिसामु नझुक्ने जुझारु नेता तथा कार्यकर्ता हुनुपर्छ । कुनै दलले देशघाती, जनघाती सन्धि सम्झौता गर्नुहुँदैन; गरेको छ भने तुरुन्तै गल्ती औंल्याएर सुधार्नुपर्छ । तर, शासकहरू आफूले गरेको गल्ती सच्याउनुभन्दा झन् गल्ती गर्छन्; गल्तीमाथि गल्ती गरेर आफूलाई सही सम्झन्छन् र गर्व गर्छन् ।

शासकहरू नै मातृभूमिप्रति सच्चा बफादार बन्दैनन्; विदेशी शक्ति राष्ट्रहरूको उठवसमा चल्छन् भने उनीहरूले व्यापक जनतालाई के नागरिक भावना सिकाउलान् ? देशभक्तको के पाठ सिकाउलान् ? पार्टीभित्र होस् या पार्टीबाहिर देशविरोधी कुरा गर्ने, पार्टी भड्काउने, नेता तथा कार्यकर्ताहरू बिथोलिने, पार्टीभित्र रहेका शत्रुहरूलाई उदाङ्ग्याउने काम गर्नुपर्छ । कम्युनिस्ट पार्टीहरू विदेशी थिचोमिचो, अतिक्रमण र हस्तक्षेप स्वीकार्दैनन् । आमूल परिवर्तनमा विश्वास गर्ने सच्चा कम्युनिस्ट पार्टीहरू सामन्तवाद, पुँजीवाद, प्रतिक्रियावाद, जालीफटाहा, घुस्याहा र भ्रष्टाचारीहरूको विरोध गर्छन् । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र पुँजीवादी व्यवस्था हो । यो कुरा सबै कम्युनिस्ट पार्टीलाई थाहा छ । तर, सरकारमा पुगेका कम्युनिस्ट पार्टीका नेताहरू यहीँ पुँजीवादी व्यवस्थालाई अन्तिम व्यवस्था ठानेर अर्को सङ्घर्ष गर्न नपर्ने बताउँछन् । देशमा मनपरी गरेकै कारण सङ्घर्ष आवश्यक छ; सङ्घर्षले सरकार परिवर्तन गर्न सक्छ भन्ने कुरा जेन-जी आन्दोलनले देखायो । हुन त सरकारको नेतृत्व परिवर्तन मुख्य कुरा होइन; मुख्य कुरा व्यवस्था परिवर्तन हो । तर, देशकै सबभन्दा बढी शक्तिशाली सरकारलाई जेन-जी आन्दोलनको सङ्घर्षले ढाल्यो । यो नेका सम्मिलित एमालेको नेतृत्वमा बनेको सरकारलाई मुखभरिको जवाफ हो ।

क्रान्तिकारी विचारका प्रवर्तक मार्क्स र एङ्गेल्सले समाजवाद र साम्यवादको जग हाल्नुभयो । त्यही जगमा टेकेर समाज विकासको विस्तृत व्याख्या गर्ने र समाजलाई अग्रगामी दिशातर्फ लग्ने वैज्ञानिक बाटो खन्ने काम कम्युनिस्ट पार्टीहरूको हातमा छ । संसारका कम्युनिस्ट पार्टीले मार्क्स र एङ्गेल्सले थालेको आन्दोलनको अध्ययन गरी तत्कालीन समय परिस्थितिको व्याख्या गरेर आफ्नो देश, काल र परिस्थितिको आाधारमा देशको समस्या समाधान गर्न केन्द्रित हुनुपर्छ । कम्युनिस्ट पार्टीले पार्टी मातहतका नेता, कार्यकर्ता, शुभचिन्तक, समर्थक तथा आम जनतालाई कम्युनिस्ट पार्टीको वैचारिक दृष्टिकोण स्पष्टसँग राख्नुपर्छ । तर, विडम्बना ! आफूलाई कम्युनिस्ट पार्टी भन्ने दलले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनतासमक्ष बताउँदैन; बताउन चाहँदैन । मार्क्स र एङ्गेल्सको सिद्धान्त र विचारलाई आत्मसात गरी व्यापक जनतालाई परिचालन गरी सङ्गठित गर्नुभयो र पुरानो समाजलाई भत्काएर नयाँ समाजको निर्माण गर्नुभयो । ठुला र गौरवशाली पार्टी भनिने कम्युनिस्ट दलका नेताहरू नै मार्क्सवाद र लेनिनवादलाई गलत ढङ्गले व्याख्या गर्छन् । उनीहरू सिद्धान्त भनेको जीवन्त विचार हो भन्ने कुरा भुल्छन् । मार्क्सवादले मजदुरवर्गलाई दिशा निर्देश गर्छ । लेनिनले सिद्धान्तलाई व्यवहारसँग र क्रान्तिलाई समाजवादी निर्माणसँग नजोडेका भए लेनिनवाद भन्न आवश्यक हुँदैनथ्यो । लेनिनले आफ्नो देशको समय र परिस्थितिअनुसार मार्क्सवादलाई व्यवहारमा लागु गर्नुभयो । नेपालमा पनि देश, काल र परिस्थितिअनुसार मार्क्सवादलाई लागु गर्न सकिन्छ; लागु गर्न देशका सबै कम्युनिस्ट पार्टीहरू लाग्नुपर्छ ।

# कोप-३० सम्मेलनका चुनौती र औद्योगिक देशको दायित्व

✍ एलिक्स डाइजेल/क्याथरिन फिट्जप्याट्रिक



संयुक्त राष्ट्र सङ्घीय विश्व जलवायु सम्मेलन (कोप-३०) भइरहेको ब्राजिलको अमेजन क्षेत्रमा रहेको सहर बेलेममा वातावरण संरक्षण गर्न र जलवायु परिवर्तन रोक्न माग गर्दै प्रदर्शनमा उत्रेका जलवायु कार्यकर्ताहरू नोभेम्बर १५ २०२५ का दिन

विश्वको सबैभन्दा महत्त्वपूर्ण जलवायु शिखर सम्मेलन कोप-३० ब्राजिलको अमेजन बन्दरगाह सहर बेलेममा सुरू भएको छ । सम्मेलन विवादास्पद हुने देखिन्छ । प्रमुख देशहरूले नयाँ जलवायु योजना पेस गरेका छैनन् । जलवायु कार्यका लागि कसले भुक्तानी गर्ने भन्ने विवादले वार्ता रोकिएका छन् । हामीले जून महिनामा वार्ताको प्रारम्भिक चरणमा भाग लियौँ, जुन ठोस सम्झौताविना समाप्त भयो । वार्तामा धेरै प्रस्तावमा 'सहमत नभएको' र 'संशोधनका लागि खुला' भएको बताइएको थियो । ती विभाजित वार्ता गत वर्ष अजरबैजानमा निराशाजनक कोप-२९ पछि भएका थिए । जारी कोप-३० मा विभिन्न मुद्दामा छलफल हुने अपेक्षा गरिएको छ ।

पेरिस सम्झौता भएको दस वर्षपछि देशहरूले आफ्नो तेस्रो चरणको राष्ट्रिय जलवायु योजना वा राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडीसीएस) शब्दावलीमा पेस गर्नुपर्नेछ । यिनीहरूलाई प्रत्येक पाँच वर्षमा पुनर्जागृत गरिन्छ र जलवायु कार्यलाई बढाउन 'सर्वोत्तम प्रयास' प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । तर, नोभेम्बर २०२५ सम्म ७९ देश (जसले विश्वव्यापी उत्सर्जनको ६४ प्रतिशत समेट्छन्) ले मात्र आफ्नो एनडीसीएस पेस गरेका छन् । पेस नगर्ने देशमा भारतजस्ता केही उच्च उत्सर्जक समावेश छन्, जबकि अमेरिकाले (फेरि एकपटक) पेरिस सम्झौताबाट हात झिकेको छ । पेरिस सम्झौताअनुसार विश्वको तापमान परिवर्तनलाई १.५ डिग्री सेल्सियसभन्दा न्यून राख्ने उल्लेख छ, जुन बढ्दो रूपमा असम्भव देखिन्छ । प्रत्येक देशले आफ्ना प्रतिज्ञा पूरा गरे पनि हामी अझै लगभग ३ डिग्री सेल्सियस तापमानको पथमा छौँ ।

गत वर्ष कोप-२९ मा विकासशील देशलाई सहयोग गर्न २०३५ सम्ममा प्रतिवर्ष ३०० अर्ब डलर (२२७ अर्ब युरो) भुक्तानीको प्रतिबद्धता जनाइएको थियो । यो अघिल्लो लक्ष्यभन्दा तीन गुणा बढी भए पनि यो विकासशील देशले माग गरेको १.३ ट्रिलियन डलरभन्दा कम हो । यस रकमलाई 'महत्वाकाङ्क्षी' बताइएको छ । भारत र नाइजेरियालगायत धेरै देशले कोप-२९ आयोजक अजरबैजानलाई सहमतिबिना सम्झौता गर्न बाध्य पारेको आरोप लगाएका छन् । निराशा अझै कायम छ र जलवायु परिवर्तनका लागि कसले भुक्तानी गर्छ भन्ने प्रश्न अझै सुल्झिएको छैन ।

यदि संसारलाई उच्च उत्सर्जनबाट कम उत्सर्जनमा परिवर्तन गर्ने हो भने निष्पक्ष र समावेशी भुक्तानी हुनुपर्छ । यसलाई 'न्यायसङ्गत सङ्क्रमण' भनेर चिनिन्छ । कोप-२८ सम्मेलनपछि न्यायसङ्गत सङ्क्रमण वार्ताहरू तनावग्रस्त बनेका छन् । ती सम्मेलनमा धनी देशले जीवाष्म इन्धन उद्योगमा कामदारका लागि नयाँ रोजगारीमा जोड दिएका थिए । हामीले जलवायु परिवर्तनलाई कसरी हेर्ने भन्ने कुरामा पुनर्विचार गर्नु आवश्यक थियो । यद्यपि, धनी देशले अन्ततः अन्तिम सम्झौतामा आफ्नो स्वार्थअनुकूलको बाटो रोजे । व्यापक महत्त्वाकाङ्क्षा प्रभावकारी रूपमा मेटाइयो । धनी देशका लागि यो छोटो अवधिको जितले दीर्घकालीन परिणाम निम्त्यायो, गत वर्षको कोप-२९ वार्ता नतिजामुखी हुन सकेन । यस वर्षको जर्मनीको बोनमा भएको प्रारम्भिक बैठकमा समितिका अध्यक्षहरूले कडा समय पालना गरे र प्रतिनिधिलाई प्रस्ताव अगाडि बढाउन बारम्बार आग्रह गरे । एक बिन्दुमा उनीहरूले खुलेआम भने, "हामीलाई पहिले नै सबैको अडान थाहा छ, हामी कडाइ गरौँ, सामान्य कथनबाट रोकौँ ।" यो दृष्टिकोणले काम गरेको देखिन्थ्यो, किनकि कार्य समूहले अनौपचारिक नोट पेस गऱ्यो, जुन अन्तिम नभएको बताइयो ।

जारी शिखर सम्मेलनले अमेजनको उष्णकटिबन्धीय वनमा ध्यान केन्द्रित गरेको छ । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले एउटा साहसिक पहलमा उष्णकटिबन्धीय वन सुविधा प्रस्ताव गरेका छन्, जसले संरक्षण प्रयासका लागि देशहरूलाई पुरस्कृत गर्न १२५ अर्ब डलर उठाउने लक्ष्य राखेको छ । यद्यपि, बेलायतले यसको चिन्ताजनक विश्वव्यापी वन फँडानी पदचिह्नको विवरण दिए पनि वन सुविधामा योगदान गर्न पहिले नै अनिच्छा देखाएको छ । अमेजनले २० वर्षसम्म विश्वव्यापी कार्बनडाइअक्साइड उत्सर्जन भण्डारण गर्दछ, स्थलीय जैविक विविधताको १० प्रतिशत कायम राख्छ र पारिस्थितिक प्रणाली सेवाहरूमा अर्बौं डलर समर्थन गर्छ । यसको विनाशले आदिवासी सार्वभौमिकता र पृथ्वीको जलवायु स्थिरतालाई खतरामा पार्छ । यदि कोप-३० ले वर्षावनहरूको संरक्षण गर्ने आफ्नो लक्ष्य पूरा गर्न सक्छ भने यो फरक पार्ने वास्तविक अवसर हो ।

कोप-३० पछिल्लो स्मृतिमा सबैभन्दा कम समतामूलक जलवायु वार्तामध्ये एक हुन सक्छ । सम्मेलनमा लगभग तीन हजार आदिवासी प्रतिनिधि सहभागी छन् । त्यस्तै हजारौँ जीवाष्म इन्धन पैरवीकर्ताले पनि सक्रिय सहभागिता जनाएका छन् । यद्यपि, जीवाष्म इन्धनसँग जोडिएका व्यक्तिले आफ्नो सम्बद्धता खुलासा नगरी मुख्य औपचारिक वार्तामा पनि भाग लिएको हुनसक्ने जनाइएको छ । यदि कोप-३० ले आदिवासी अधिकार केन्द्रित गर्न सक्यो भने यसले प्रक्रियालाई केही वैधता पुनर्स्थापित गर्न सक्छ ।

***(डाइजेल ब्रिस्टल विश्वविद्यालयको जलवायु न्यायकी वरिष्ठ व्याख्याता हुन् भने फिट्जप्याट्रिक ब्रिस्टल विश्वविद्यालयको मानवशास्त्रकी पीएचडी उम्मेदवार हुन् ।)***

**- 'द कन्भर्सेसन' बाट**

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १४

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*

हडताललाई सधैँझैँ प्रहरीले दमन गऱ्यो । ठाउँ-ठाउँमा कारखाना मालिक पनि दमनमा उत्रिए । म्याक्सवेलका दुई कारखाना पेत्रोभ्स्काया र स्पासकायामा काम गर्ने ३ हजार मजदुरले हडतालको भोलिपल्ट डिसेम्बर १५ को दिन उद्योगको मूल गेट बन्द गरिएको पाए । सूचनापाटीमा यस्तो लेखिएको थियो, "बारम्बारको हडताल र मजदुरहरूलाई दिइएको चेतावनीलाई दृष्टिगत गर्दा कारखाना प्रशासन सम्पूर्ण मजदुरलाई तलब दिन बाध्य भएको छ । तलब दिने दिन पछि घोषणा गरिनेछ ।" कारखानाका वरिपरि प्रहरी अधिकारी र हवल्दारहरूको ठुलो टोली गस्ती बस्न थाल्यो । कारखाना केही दिन ढिलो खुलोस् भनेर मजदुरहरूले ज्याला लिन अस्वीकार गर्ने निधो गरे । ज्याला लिने बेला अनेक सर्तहरू पालन गर्नुपर्ने कुरा उनीहरूलाई थाहा थियो । फेरि एक दिन काम बन्द भए पनि मालिकहरूलाई ठुलो नोक्सानी हुन्थ्यो । मध्यान्नसम्ममा केही फोरमेनहरूलाई ज्याला दिइयो । यसकारण, उनीहरूलाई पुनः काममा लिइनेछ भन्ने प्रस्ट भयो । साँझको खानापछि मजदुरहरूको मनोबल अलि खस्कियो र कार्यालयअघि मान्छेको ताँती लाग्यो । त्यस अवधिमा कारखाना प्रशासनलाई प्रहरीले पहरा दिइरहेको थियो । उनीहरूले गोठालाले जस्तै मजदुरलाई कार्यालयसम्म पुऱ्याउँथे । भित्र कारखाना म्यानेजर आफैले कमान सम्हालेको थियो । उसको हातमा 'विद्रोही तत्त्वहरू' को सूची थियो । खजान्चीले मजदुरहरूलाई पैसा दिएपछि म्यानेजरले पुनः काममा फर्काइने मजदुरको तिरान-पुस्तिकामा छाप लगाउँथ्यो । ज्यालाबाट सञ्चय कोषमा पैसा हाल्नका लागि निश्चित रकम काट्ने अन्तरिम नियमले गर्दा अधिकांश मजदुरले पचास कोपेक (पैसा) देखि दुई रुबल ( रूपैयाँ) सम्म पाउँथे । तर, अधिकांश मजदुरले केही पनि पाएनन् । 'अविश्वासिलाहरू' लाई सकेसम्म कष्ट दिन कारखाना प्रशासनले पति पत्नी, बाबु छोरी, भाइबहिनीलाई एकैपल्ट कामबाट बेदखल गऱ्यो ।

मजदुरहरूलाई यसरी निकाला गरेर प्रशासनलाई उति फाइदा भने हुँदैनथ्यो । भोलिपल्ट केही घण्टाको काम गरेपछि काममा राखिएका सबै मजदुर हडतालमा सामेल हुन आए र बेदखल गरिएका सबै मजदुरलाई पुनः काममा लगाउन माग गरे । मजदुरहरूलाई कारखानाबाट बाहिर जान नदिने प्रहरीको प्रयास सफल भएन । यसपछि मजदुरहरू प्रहरीलाई जिस्क्याउँदै र धम्क्याउँदै अनेक दिशामा छरिए ।

लगातार पक्राउ र दमनको उपाय अपनाए पनि, कारखानाका कोठाहरूबाट मजदुरहरूलाई निकाला गरे पनि मजदुरहरूले हार मानेनन् । म्याक्सवेल कारखानाले मजदुरहरूलाई सताए पनि त्यसको विरोधमा सङ्घर्ष सुरु भयो । यो सङ्घर्षलाई सेन्ट पिटर्सबर्गका बाँकी सर्वहारा जनताले समर्थन गरे । सम्पूर्ण कारखाना र ज्यासलमा जम्मा गरिएको चन्दा तालाबन्दी र हडतालले पीडितहरूलाई राहत दिन खर्च गरियो ।

हाम्रो संसदीय समितिले चन्दा जम्मा गर्ने र बाँड्ने जिम्मा लियो । सेन्ट पिटर्सबर्गबाट मात्र होइन अन्य औद्योगिक नगरी (मस्को, वार्सा, लोज, रिगा आदि) का मजदुरहरूले पनि हामीलाई दैनिकजसो सङ्कलित रकम पठाउँथे । रकम सङ्कलन गरिएका उद्योगहरूको एउटा लामो सूची 'प्राभ्दा' मा प्रकाशित भयो । यसले के देखायो भने मजदुरहरूले म्याक्सवेल कारखानामा भइरहेको लडाइँलाई अलग्गै घटनाको रूपमा हेरेनन् । बरु, पुँजीपतिहरूविरुद्धको वर्गसङ्घर्षमा त्यो लडाइँलाई अर्को एक अध्यायको रूपमा हेरे ।

सामाजिक जनवादी समूहका सदस्यहरू, मजदुर सांसदहरू सघन सङ्घर्षमा हेलिएका थिए । हामी हडतालीहरूसँग नियमित सम्पर्कमा थियौँ; हामीले मजदुरहरूलाई आफ्नो माग तय गर्न सघायौँ; उनीहरूलाई सङ्कलित चन्दा हस्तान्तरण गऱ्यौँ; विभिन्न सरकारी अधिकारीहरूसँग सम्झौता गऱ्यौँ आदि ।

दुवै कारखानामा हडताल पन्ध्र दिनभन्दा बढी चल्यो । तिनताका त्यत्तिको हडताललाई लामै हडताल मानिन्थ्यो । मजदुरहरू एउटै कारणले टिक्न सके । सेन्ट पिटर्सबर्गका मजदुरहरूले दिएको नैतिक र भौतिक सहायताले गर्दा मजदुरहरू त्यो हडतालमा डट्न सकेका थिए ।

### पाठ ६

### क्राको सम्मेलन

६ बोल्शेभिक सांसद र बोल्शेभिक केन्द्रीय समिति । लेनिनको प्रश्नावली । केन्द्रीय समितिसँग कसरी सम्पर्क राखिन्थ्यो । क्राको सम्मेलन । सम्मेलनको सबैभन्दा महत्त्वपूर्ण निर्णय । लेनिनका सुझाव र निर्देशनहरू । सांसदहरूको प्रान्त भ्रमण । प्रान्तहरूमा मजदुरहरूको मनोदशा ।

चौथो संसदको सामाजिक जनवादी समूह रुसी सामाजिक जनवादी पार्टीको अभिन्न अङ्ग थियो । यो समूहले पार्टीको काममा महत्त्वपूर्ण भूमिका खेल्यो । तर, यो पार्टीको एक अङ्ग मात्र थियो । अघिल्लो संसद्मा सामाजिक जनवादी समूहको जिम्मेवारीका सम्बन्धमा पार्टी महाधिवेशन र सम्मेलनमा निर्णय र प्रस्तावहरू पारित गरिएको थियो । त्यसमा सो समूहलाई पार्टी तथा केन्द्रीय समितिको मातहत राखिएको थियो । संसदीय समूहलाई पार्टी अत्यन्त केन्द्रीकृत प्रणालीअन्तर्गत राख्नु सफल क्रान्तिकारी




गतिविधिको आधारभूत सर्त थियो । यो सिद्धान्त नअपनाइकन भूमिगत गतिविधि गर्न सम्भव थिएन । यस्तो साङ्गठनिक संरचनाकै कारण हाम्रो पार्टीले दुई रुसी क्रान्तिबिचको सङ्क्रमणकालमा आइलागेका कठिनाइहरू छिचोल्न सकेको थियो ।

मेन्शेभिक खेमाले संसदीय समूहलाई केन्द्रको कडा निर्देशनमा राख्ने विचारलाई स्वीकार गर्दैनथ्यो । अघिल्ला संसद्हरूमा मेन्शेभिक सदस्यहरूले पार्टी अनुशासनलाई बेवास्ता र उल्लङ्घन गरेका थिए । उनीहरूले पार्टी केन्द्रभन्दा स्वतन्त्र रही काम गरेका थिए । उनीहरू संसदीय समूहलाई नै उच्च पार्टी सङ्गठन मान्थे र प्रायः पार्टी केन्द्रको विरोधमा गएर काम गर्थे । यही नीति चौथो संसद्मा निर्वाचित मेन्शेभिक सांसदहरूले पनि अपनाए ।

यसको विपरीत बोल्शेभिक सांसदहरूले पार्टीको नेतृत्वदायी समितिसँग एकदम नङमासु भएर काम गर्नुपर्थ्यो । चौथो संसद्को निर्वाचन अभियानभरि हामीले पार्टी केन्द्रको निर्देशन र मार्गदर्शनमा रहेर काम गरेका थियौँ । हाम्रो पार्टीको मुख्यालय पोल्यान्डको क्राको सहरमा थियो । त्यहाँबाट पार्टीका हजारौँ सम्पर्क सूत्र थिए रुसमा । यसरी पार्टीको सारा सञ्जाललाई पार्टी केन्द्रले एकै सूत्रमा उन्थ्यो र चुनावी गतिविधि सञ्चालन गर्थ्यो । सामान्य निर्देशन जारी गर्नुका अलावा पार्टी केन्द्रले मजदुर निर्वाचन मण्डलका उम्मेदवार छनोट गर्नमा सक्रिय भूमिका खेल्थ्यो । यसरी संसद्मा जाने बोल्शेभिक सांसदहरू स्थानीय सङ्गठनका प्रतिनिधि मात्र हुँदैनथे बरु पार्टीकै प्रतिनिधि हुन्थे ।

सुरुदेखि नै संसद्को निर्वाचन र हामी '६ बोल्शेभिकहरू' का एक एक क्रियाकलाप नेता लेनिनको प्रत्यक्ष निर्देशनमा हुन्थ्यो । निर्वाचनको क्रममा उहाँले मजदुरहरूको भावना र गैरकानुनी निर्वाचन बैठकहरूलाई सावधानीपूर्वक अवलोकन गरिरहनुभएको थियो । सोही अनुसार उहाँले 'प्राभ्दा' मा गरिने प्रचारप्रसारको निर्देशन गर्नुभएको थियो । पत्रिकामा एकपछि अर्को लेख लेखेर उहाँले खुट्टा तान्ने विध्वंसकारी ( मेन्शेभिक) हरूविरुद्ध बोल्शेभिकहरूका निम्ति मजदुरहरूसँग मत दिन अपिल गर्नुभएको थियो ।

निर्वाचन सम्पन्न भएसँगै मजदुर सांसदहरू सेन्ट पिटर्सबर्गमा आइपुगे । लेनिनले हाम्रो समूहको सुगठनमा ध्यान दिनुभयो । उहाँले प्रत्येक सांसदमा रुचि लिनुभयो; निर्वाचन परिणामबाट सार खिच्नुभयो । निर्वाचन कस्तो अवस्थामा भएको थियो भनी उहाँले अध्ययन गर्नुभयो । मतदाताले




सांसदहरूलाई दिएको निर्देशन जाँच्नुभयो ।


मजदुर क्षेत्रबाट निर्वाचित सबै सांसदहरूलाई क्राको सहरबाट विशेष प्रश्नावली पठाइएको थियो । त्यसमा १९ वटा प्रश्न थिए । ती प्रश्नमा निर्वाचन अभियान र सांसदको समग्र व्यक्तित्व समेटिन्थ्यो । निर्वाचनमा मजदुरहरूको सहभागिता कति रह्यो; बैठकमा सबैजना उपस्थित हुन नसक्नुका कारण; निर्वाचन बहिष्कारको भावना; प्रचार साहित्यको वितरण; उम्मेदवार छनोटका विधिहरू; बैठकमा भएका वादविवाद; निर्वाचन प्रतिनिधि को को भए; अन्य पार्टीका क्रियाकलाप; निर्वाचनमा अपनाइएका दमनकारी उपायहरू आदिसँग सम्बन्धित थियो प्रश्नावली । साथै, प्रतिनिधि छनोटदेखि सांसद निर्वाचनसम्म निर्वाचनका सबै चरणलाई प्रश्नावलीमा समेटिएको थियो । त्यस्तै, अन्य निर्वाचन क्षेत्रका मतदाता र त्यसमा पनि किसानहरूसँगको हाम्रो सम्बन्धबारे सोधखोज गरियो । अन्य प्रश्नहरू पार्टी गतिविधिका विभिन्न चरणसँग सम्बन्धित थिए । त्यसमा गैरकानुनी बैठक, हाम्रो पत्रिका र भूमिगत प्रकाशनहरूको वितरण, एकै मुद्दामा बोल्शेभिक र मेन्शेभिकहरूले जनताबिच पारेको प्रभावसम्बन्धी प्रश्न थिए ।

लेनिनले सबै सांसदलाई औपचारिक जवाफमा नखुम्चिन अनुरोध गर्नुभयो । उहाँले सांसदलाई आफ्नो जिल्लामा भएको निर्वाचन अभियानको मसिनोभन्दा मसिनो विवरण दिन भन्नुभयो । उहाँले लेख्नुभयो, "यी प्रश्नबारे अन्य समूहसँग औपचारिक छलफल गर्नुहुँदैन । त्यसो गरे कुरा कर्मचारी कर्मकाण्ड र आपसी कचकचमा हराउनेछ । सांसदहरूले भरसक चाँडो आफै जवाफ दिनुपर्छ ।"

हाम्रो संसदीय क्रियाकलाप बढ्दै जाँदा पार्टी केन्द्र र कामरेड लेनिनसँग '६ बोल्शेभिकहरू' को सम्बन्ध झन्झन् घनिष्ट बन्दै गयो । हामी विभिन्न सामग्री, सूचना आदि क्राको पठाउँथ्यौँ र क्राकोबाट बोल्शेभिक सांसदहरूले साहित्य सामग्री, मन्तव्यका सिद्धान्त, सदनमा उठिरहेका विषयमा अलग्गै निर्देशन आदि प्राप्त गर्थे । यो सम्पर्क चिठीपत्रमार्फत गुप्त भाषामा गरिन्थ्यो । गैरकानुनी रूपमा सीमावारपार गर्ने पार्टी सदस्यहरू र सम्भव अन्य उपायबाट यो सम्पर्क हुन्थ्यो । कुनै मौका छोडिँदैनथ्यो । तर, सब काम अत्यन्त गोप्य रूपमा गरिन्थ्यो । पत्राचारमा कहिल्यै नाम उल्लेख गरिँदैनथ्यो । बरु, पहिले नै तय भएका सङ्ख्या वा गुप्त नामको प्रयोग हुन्थ्यो । मलाई नम्बर १ भनिन्थ्यो, मालिनोभ्स्कीलाई नम्बर ३, पेत्रोभ्स्कीलाई नम्बर ६, सामोइलोभलाई नम्बर ७, कामरेड स्वेर्दलोभलाई आन्द्रेइ र स्तालिनलाई भासिली भनिन्थ्यो । गुप्त प्रहरीले नाम चिनेको सुइँको पायो कि यी गुप्त नाम र नम्बर फेरिन्थ्यो ।

आज हामी पुराना दस्ताबेहरू हेर्दा थाहा पाउँछौँ, गुप्त प्रहरीले पनि हामीलाई विभिन्न गुप्त नाम दिएको रहेछ र स्थानअनुसार ती नाम फेरिँदो रहेछ ।

हुलाक मुख्यालयमा सामाजिक जनवादी सांसदहरूलाई सम्बोधन गरी लेखिएका सबै पत्र पढिन्थ्यो । त्यहाँ गुप्त प्रहरीको एउटा टोली नै हुन्थ्यो, जसलाई 'कालो जत्था' भनिन्थ्यो । यसले त्यहाँ आउने सबै पत्र खोलेर जाँच्थ्यो । यसकारण, हामी बिरलै मात्र हुलाकको प्रयोग गर्थ्यौँ । प्रयोग गरिहाले पनि त्यो पत्र अन्यत्र पठाइदिनू भनी प्रबन्ध मिलाउँथ्यौँ ।





प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाको राजधानी प्योङयाङस्थित प्योङयाङ अन्तर्राष्ट्रिय विमानस्थलमा मोरक्कोमा सम्पन्न १७ वर्षमुनिको महिला फुटबलमा प्रथम स्थानमा विजयी भएर फर्केका खेलाडी, कोच तथा पदाधिकारीहरूलाई भव्य स्वागत गरिँदै नोभेम्बर १५, २०२५ का दिन । प्रजग कोरिया फुटबललगायत विभिन्न खेलमा सशक्त देश रहँदै आएको छ । *तस्बिर : किम वन जिन/एएफपी*

# अस्ट्रेलियाद्वारा टर्कीसँग संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलन सह–आयोजनाको प्रस्ताव अस्वीकार

सिड्नी, १ मङ्सिर (एएफपी) । अस्ट्रेलियाले आगामी वर्ष आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु शिखर सम्मेलन (कोप-३१) का लागि टर्कीद्वारा गरिएको सह-आयोजनाको प्रस्ताव सोमबार अस्वीकार गरेको छ ।

दुवै देशबिचको प्रतिस्पर्धी बोलीले ब्राजिलको बेलेममा चलिरहेको यो वर्षको जलवायु वार्तालाई प्रभावित गर्दै लगेका कारण अस्ट्रेलियाले यस्तो निर्णय लिएको हो ।

क्यानबेरा र अङ्कारा दुवैलाई हाल जारी गतिरोध अन्त्य गर्न तथा ब्राजिलको कूटनीतिक छविमा नकारात्मक प्रभाव नपार्न अन्तर्राष्ट्रिय समुदायबाट निकै दबाब परेको छ ।

कोप-३१ को आयोजक राष्ट्र सर्वसम्मतिले निर्धारण गर्नुपर्ने प्रक्रियाअनुसार अस्ट्रेलिया वा टर्की दुवै मध्ये कुनै एकले बोली फिर्ता नलिएसम्म वा सह-आयोजनामा सहमत नभएसम्म दुवै स्वत: बाहिरिने जोखिममा छन् । यस्तो स्थिति उत्पन्न भए कोप-३१ को जिम्मेवारी निर्धारित व्यवस्थाअनुसार जर्मनीमा सारिन सक्छ, जुन अभूतपूर्व कदम हुनेछ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सोमबार टर्कीसँग सह-आयोजना गर्ने प्रस्तावलाई स्पष्ट रूपमा खारेज गर्नुभएको थियो । उहाँले भन्नुभयो, "यो विकल्पै होइन र सबैलाई थाहा छ– त्यसैले यो प्रस्ताव अस्वीकार गरिएको हो ।"

यसका विपरीत टर्कीको एक कूटनीतिक स्रोतले अङ्काराले 'सह-अध्यक्षता' मोडेलको वकालत गरिरहेकाले सम्भावित सहकार्यको ढोका खुला नै रहेको तर सहमति नजुटे पनि एक्लै आयोजक बन्न तयार रहेको उल्लेख गरेको छ ।

अस्ट्रेलियाले आफ्नो प्रशान्त छिमेक राष्ट्रहरूसँग मिलेर दक्षिण अस्ट्रेलियाको एडिलेड सहरलाई सम्भावित आयोजक स्थलका रूपमा प्रस्ताव गरेको छ, जसले जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित प्रशान्त क्षेत्रलाई विश्वको ध्यान केन्द्रित गराउने उद्देश्य राखेको छ । प्रशान्त टापु राष्ट्रहरूले विगतमा कोप शिखर सम्मेलनहरूमा आफ्नो आवाज पर्याप्तरूपमा सुन्न नदिएको वा व्यावहारिक समाधान नदिएको गुनासो गर्दै आएका छन् ।

अस्ट्रेलिया स्वयं पनि जलवायु जोखिमका दृष्टिले कमजोर मानिन्छ । व्यापक वनस्पति-जीवजन्तु तथा उच्च तापक्रमका कारण आगलागीदेखि चरम मौसमी असरसम्म धेरै चुनौतीहरू रहेका छन् । तर, यदि अस्ट्रेलिया आयोजक बन्न सफल भयो भने यसले आफ्नो हरित नीतिको कठोर मूल्याङ्कनको सामना गर्नुपर्नेछ ।

विश्वकै दोस्रो ठूलो कोइला निर्यातकर्ता भएका कारण देशले जीवाश्म इन्धनबाट लाभ उठाउँदै आएको र जलवायु कार्यलाई राजनीतिक तथा आर्थिक विवादको विषय बनाएको आलोचना हुँदै आएको छ । देशभित्र वर्षौंदेखि जारी 'जलवायु युद्ध' ले उत्सर्जन नीतिमा प्रगति अवरुद्ध गर्दै आएको पनि व्यापक रूपमा चिन्ताको विषय बनेको छ ।

यदि अस्ट्रेलियाले कोप-३१ आयोजना गर्ने अवसर पायो भने प्रशान्त क्षेत्रमा पहिलोपटक यस्तो ठूलो अन्तर्राष्ट्रिय जलवायु सम्मेलन बस्नेछ, जुन ऐतिहासिक उपलब्धि हुनेछ ।

टर्कीले पनि कोप-३१ ले विश्वका सबैभन्दा कमजोर क्षेत्र, विशेषत: प्रशान्त राष्ट्रहरू, सम्बन्धी मुद्दाहरूलाई विशेष सत्रहरूमार्फत प्राथमिकता दिनुपर्ने अपेक्षा राखेको बताइएको छ ।

अस्ट्रेलिया र टर्कीबिचको मतभेद समाधान गर्न ब्राजिलले एक विशेष दूत नियुक्त गरेको छ । तर, कूटनीतिज्ञहरूका अनुसार नोभेम्बर २१ मा कोप-३० सकिनुअघि सहमति बन्ने कुनै सङ्केत अहिलेसम्म देखिएको छैन ।

# ट्रम्पको दबाबबिच ऊर्जा स्रोत विविधीकरणमा भारतको जोड

नयाँदिल्ली, १ मङ्सिर (एएफपी) । भारतले संयुक्त राज्य अमेरिकासँग करिब १० प्रतिशत एलपिजी आपूर्ति सुनिश्चित गर्ने एक 'महत्त्वपूर्ण' वार्षिक सम्झौतामा हस्ताक्षर गरेको छ । यसलाई भारतले ऊर्जा स्रोतहरूको दिगो विविधीकरणतर्फको महत्त्वपूर्ण कदमका रूपमा वर्णन गरेका गरेको छ ।

यसअघि अगस्ट महिनामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि कर ५० प्रतिशतसम्म बढाएपछि दुवै देशबिचको सम्बन्ध तनावपूर्ण बनेको थियो । अमेरिकी अधिकारीहरूले भारतले युक्रेनमा रूसी युद्धलाई परोक्षरूपमा सहयोग पुऱ्याइरहेको आरोप लगाएपछि परिस्थिति झनै संवेदनशील बनेको थियो ।

राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सम्भावित व्यापार सम्झौताको पूर्वसर्तका रूपमा रूसी कच्चा तेल आयातमा कटौती गर्न सहमति जनाउनुभएको दाबी गरे पनि भारतले उहाँको दाबीलाई औपचारिकरूपमा पुष्टि गरेको छैन । कृषि व्यापारदेखि रूसी तेल खरिदसम्मका विषयमा मतभेद भइरहे पनि नयाँदिल्ली र वासिङ्टनबिच वार्ता अविराम जारी छ ।

यसैबिच, भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले अमेरिकी खाडी तटबाट वार्षिक २२ लाख टन एलपिजी आपूर्ति गर्ने एकवर्षे संरचित सम्झौता सम्पन्न भएको जानकारी दिनुभयएको छ । उहाँका अनुसार यस्तो प्रकारको सम्झौता भारत-अमेरिकाबिच एलपिजी क्षेत्रमै पहिलो हो ।

मन्त्री पुरीले विज्ञप्तिमार्फत भन्नुभयो, "नागरिकहरूलाई सुरक्षित र किफायती एलपिजी उपलब्ध गराउन भारत निरन्तररूपमा स्रोत विविधीकरण गरिरहेको छ । विश्वकै सबैभन्दा ठूलो र तीव्र गतिमा बढिरहेको एलपिजी बजार-अमेरिका-अब भारतीय बजारका लागि औपचारिकरूपमा खुल्न गएको छ ।"

अक्टोबरमा अमेरिकी प्रतिबन्धपछि एचपिसिएल-मित्तल एनर्जीले रूसका प्रमुख दुई कम्पनीबाट कच्चा तेल खरिद स्थगित गरेको थियो । त्यस्तै, एउटा प्रमुख निजी भारतीय क्रेता रिलायन्स इन्डस्ट्रिजले पनि अमेरिकी तथा युरोपेली सङ्घ (ईयू) का प्रतिबन्धहरूको सम्भावित प्रभावबारे मूल्याङ्कन भइरहेको जनाएको छ ।

विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतले जुन ३० मा समाप्त भएको त्रैमासिक अवधिमा पाँच क्वार्टरकै सबैभन्दा तीव्र आर्थिक वृद्धि दर्ता गरेको छ, जसमा उच्च सरकारी खर्च र उपभोक्ता विश्वसनीयता सुधार मुख्य आधार भएको विश्लेषण गरिएको छ ।

तर, अमेरिकी भन्सार शुल्क वृद्धि भारतको समग्र अर्थतन्त्रमा दबाबका रूपमा जारी छ । यदि शीघ्र कुनै छुट वा सहमति नजुटेमा चालू आर्थिक वर्षको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धि दरबाट ६०-८० आधार अङ्कसम्म कमजोर पर्न सक्ने सम्भावना रहेको अर्थशास्त्रीहरूको अनुमान छ ।

## विश्व सङ्क्षेप

### बङ्गलादेशका ५ देखि १७ वर्षका बालबालिकामध्ये ९.२ प्रतिशत श्रममा संलग्न

ढाका, १ मङ्सिर (सिन्हवा) । नयाँ अध्ययनले बङ्गलादेशमा ५ देखि १७ वर्ष उमेरका बालबालिकामध्ये ९.२ प्रतिशतले कुनै न कुनै प्रकारको श्रममा संलग्न रहेको तथ्य पत्ता लागेको छ ।

बङ्गलादेश तथ्याङ्क विभागले बालबालिका तथा महिलासम्बन्धी सबैभन्दा व्यापक सर्वेक्षण युनिसेफ र अन्य साझेदार संस्थासँगको सहकार्यमा सार्वजनिक गरेको हो । तथ्याङ्क विभागकी सचिव आलेया अक्टारले सर्वेक्षणको दायरामा गर्भवती महिलामा रगतको कमीजस्ता नयाँ परीक्षणहरू समावेश भएका कारण यसले अझ बढी महत्त्व राख्ने बताउनुभयो ।

सर्वेक्षणअनुसार, मातृ रगतको कमी अझै उच्च रहेको छ, जुन ५२.८ प्रतिशत छ । एक हजार किशोरीमध्ये जन्मदर ८३ बाट बढेर ९२ पुगेको देखिएको छ ।

यी तथ्यहरूले मातृ-शिशु पोषण सुधार, स्तनपान प्रवर्द्धन र स्वास्थ्य सेवामा पहुँच विस्तारको अत्यावश्यक आवश्यकता औंल्याउँछ ।

बङ्गलादेशका लागि युनिसेफका प्रतिनिधि राना फ्लावरसले प्रतिवेदनले प्रगति र चुनौती दुवै देखाएको उल्लेख गर्दै यसले आगामी स्वास्थ्य र पोषण सुधारका कामहरूमा मार्गदर्शन गर्ने बताउनुभयो ।

### संरा अमेरिका र दक्षिण कोरियाद्वारा संयुक्त साइबर सुरक्षा अभ्यास सुरु

सियोल, १ मङ्सिर (क्युएनए) । सयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले सम्भावित साइबर सुरक्षा खतराहरूविरुद्ध आफ्नो संयुक्त तयारी बलियो बनाउन सोमबारदेखि संयुक्त साइबर सुरक्षा अभ्यास सुरु गरेको जनाइएको छ ।

शुक्रबारसम्म चल्ने साइबर एलायन्स अभ्यास मेरिल्याण्डको एक प्रशिक्षण सुविधामा हुने र यसको उद्देश्य भविष्यको साइबर युद्धका लागि राम्रो ब्रेसिङ गर्ने भएको दक्षिण कोरियाको रक्षा मन्त्रालयले जनाएको छ ।

प्रशिक्षण सिम्युलेटेड साइबरट्याक्ट परिदृश्यअन्तर्गत सम्भावित साइबर सुरक्षा खतरालाई सम्बोधन गर्न सूचना तथा जानकारी र प्रक्रिया साझा गर्ने अभ्यास समावेश रहेको जनाइएको छ ।

योन्हाप समाचार एजेन्सीका अनुसार गत वर्ष दक्षिण कोरियाको साइबर अपरेसन कमान्डमा आयोजना गरिएको यो दोस्रो साई सुरक्षासम्बन्धी अभ्यास हो । सियोल र वासिङ्टनले साइबर गठबन्धन प्रशिक्षणमात्र नभई साइबर खतराका लागि गुप्तचर साझेदारी, बहुराष्ट्रिय साइबर सुरक्षा अभ्यासमा संयुक्त सहभागिता र अन्यमा सहयोग विस्तार गर्न जारी राख्नेसमेत जनाएका छन् ।

### भियतनाममा पहिरो जाँदा छ जनाको मृत्यु

हनोई (भियतनाम), १ मङ्सिर (एएफपी) । भियतनाममा भारी वर्षाले निम्त्याएको पहिरोका कारण कम्तिमा छ जनाको मृत्यु हुनुका साथै एक दर्जनभन्दा बढी घाइते भएको विपद् एजेन्सीका अधिकारीहरूले सोमबार बताएका छन् ।

विपद् व्यवस्थापन अधिकारीका अनुसार खान प्रान्तको सुन्दर खान पासमा माटो र चट्टान खस्दा यात्रु बस डुबेको थियो, जसमा कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै अन्य १८ जना घाइते भएका छन् ।

मिडियाका अनुसार बसमा ३२ जना यात्रु थिए भने केही घाइतेहरूको टाउकोलगायतका अङ्गमा चोट लागेका कारण स्थानीय अस्पतालमा उपचार भइरहेको छ । उद्धारकर्ताहरू बस भित्र फसेका केही यात्रुहरूलाई उद्धार गर्न निरन्तर प्रयास गरिरहेको समेत मिडियाले उल्लेख गरेका छन् ।

यसअघि आइतबार खानह होआको खानह सोन पासमा मजदुरहरूको आश्रयमा पहिरो जाँदा एक जना व्यक्तिको मृत्यु भएको हुनुका साथै अर्को एक जना बेपत्ता भएको विपद् अधिकारीले बताएका छन् ।

प्राकृतिक प्रकोपका कारणले यस वर्ष २७९ जनाको ज्यान लिएको दुई अर्ब डलरभन्दा बढीको क्षति भएको भियतनामको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

# सुडानको मानवीय अवस्था बिग्रँदै गएको राष्ट्रसङ्घको चेतावनी

खार्तुम (सुडान), १ मङ्सिर (क्युएनए) । पछिल्लो समयमा बढ्दो मानविय आवागमनका तथा उच्च जनसङ्ख्याका कारण सुडानको मानवीय अवस्था द्रुत रूपमा बिग्रँदै गएको संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले चेतावनी दिएका छन् ।

बढ्दो मानवीय सङ्कटका कारण यस क्षेत्रबाट भाग्न खोज्ने नागरिकहरूमा निराशता बढ्दै गएको पोर्ट सुडानमा युएनएचसीआरको उप-कार्यालय प्रमुख ज्याकलिन विल्माले प्रकाश पार्नुभएको छ ।

उहाँले ठूलो सङ्ख्यामा मानिसहरू अल-फसिरमा रहेको जनाउँदै उनीहरू हिँडिरहेको तर खतरा वा अल-फसिरमा फर्कने जोखिमका कारण उनीहरूलाई यात्रा रोक लगाइएको जनाउनुभएको छ ।

यसैगरी, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सुडानमा बढ्दो भोकमरी र हैजाको प्रकोपले तीन हजार ५०० भन्दा बढीको ज्यान लिएको जनाएको छ ।

डब्ल्युएचओका प्रवक्ता क्रिश्चियन लिन्डमेयरले सुडानले विश्वको सबैभन्दा खराब खाद्य सङ्कटको सामना गरिरहेको जनाउँदै गत सेप्टेम्बरसम्म दुई करोड १० लाखभन्दा बढी मानिसहरूले खाद्य असुरक्षाको सामना गरिरहेको बताउनुभएको छ । उहाँले अल-फसिर र काडुगलीमा अनिकाल व्याप्त भएको पुष्टि गर्दै अहिले दारफुर र कोर्दोफानका अन्य २० वटा क्षेत्रहरू खतरामा परेको जनाउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय माइन्स एक्सन सर्भिस (युएनएमएएस) का अनुसार खाद्यान्नको अभाव र रोगका कारणमात्र नभई विस्फोटक पदार्थ र लडाइँबाट पनि विभिन्न खतरा बढेका छन् ।

संयुक्त राष्ट्र मानव अधिकार परिषद्ले गत शुक्रबार अल-फसिरको अवस्थाबारे छलफल गर्न र र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) मा सहरको पतनको क्रममा भएको सामूहिक हत्याको सम्बन्धमा तथ्य पत्ता लगाउने मिसन पठाउन सदस्य राष्ट्रहरूको अनुरोधलाई विचार गर्न एक सत्र आयोजना गरेको थियो । सुडानका विभिन्न क्षेत्रहरूमा सेना र आरएसएफबिचको लडाइँ बढिरहेको छ भने द्वन्द्वको सुरुवात भएको दारफुर क्षेत्र आरएसएफले गत महिना नियन्त्रणमा लिएको छ ।

# चिकित्सकको सुझाव छ, “एन्टिबायोटिकको जथाभावी प्रयोग गर्नुहुन्न”

विराटनगर, १ मङ्सिर । कोसी अस्पताल विराटनगरमा उपचार गर्न आएको जनपथ टोलकी विनिता गौतमले आफ्नो हेलचक्र्याइँको कारण घाँटीको सङ्क्रमणबाट ग्रसित होलिन भन्ने सोचेकै थिइनन् ।

अस्पतालको नाक कान घाँटीको ओपिडीमा भेटिएकी गौतमले बोल्न अप्ठ्यारो महसुस गर्दै भन्नुभयो, “सुरुमा सामान्यरूपमा घाँटी दुखेकाले औषधि पसलबाट पेनकिलर किनेर खाएँ, केही समय त ठीक भयो, फेरि समस्या उस्तै, अन्तिमै दुखाइ भएर आएको त घाँटीको सङ्क्रमण भएर पीप जमिसकेको रहेछ ।”

त्यस्तैगरी, सोही अस्पतालको ओपिडीमै भेटिएका २१ वर्षीय युमेस गिरी औषधि पसलेले चिसोको कारणले दुखेको भनी दुखाइ कम गर्ने औषधि दिएपछि फेरि समस्या उस्तै भएकाले अस्पताल आएको बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, “बिहान उठ्दा घाँटी दुखेको महसुस भएकाले नजिकै मेडिकल पसलेको सल्लाहमा २-३ वटा पेनकिलर खाए पनि ठीक भएन र यहाँ जचाउन आउँदा थाहा भयो, इन्फेक्सन भइसकेको पो रहेछ ।”

सामान्यतया घाँटी दुख्नेबित्तिकै औषधि पसलमा गएर पेनकिलर, एन्टिबायोटिकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएपछि सङ्क्रमणको अवस्थामा मात्र बिरामी अस्पताल आउने गरेका कोसी अस्पतालको नाक कान घाँटी रोग विशेषज्ञ डा. रौनक दाहाल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ “के कारणले घाँटी दुखेको हो, सङ्क्रमण हो या होइन, यदि सङ्क्रमण भएमा कुन अवस्थामा छ ? कुन औषधि कति मात्रामा सेवन गर्नेजस्ता विषयमा ध्यान नदिई जथाभावी औषधि सेवन गर्नाले बिरामीको स्वास्थ्य निकै बिग्रँदै गएको छ ।”

**के कारणले हुन्छ घाँटीको सङ्क्रमण ?**

डा. दाहाल घाँटीको सङ्क्रमण एउटै कारणले मात्र नहुने बताउनुहुन्छ । उहाँका अनुसार प्रायजसो चिसोको कारणले घाँटीमा सङ्क्रमण हुने गर्दछ । यसबाहेक लामो समयसम्म फ्रिजमा राखिएका खानेकुरा, धूमपान, चिसो मौसम, धुवाँधुलो, प्रदूषित वातावरणजस्ता विभिन्न कारणले घाँटीको सङ्क्रमण गराउने गर्दछ । धुवाँधुलो साथै प्रदूषणयुक्त वातावरणमा रहने मानिसले सास फेर्ने क्रममा हावाको माध्यमबाट भाइरस, ब्याक्टेरिया प्रवेश भई बिस्तारै घाँटीमा सङ्क्रमण गराउने गर्दछन् ।

यसले गर्दा बिस्तारै घाँटीमा अप्ठ्यारोपन आउने, दुखाइ अनुभव हुने, निल्न गाह्रो हुनेजस्ता समस्या उत्पन्न हुने गर्दछन् ।

घाँटीमा भाइरल वा ब्याक्टेरियाको प्रवेश भई त्यसले सङ्क्रमण गराउँछ । सामान्यतया भाइरल सङ्क्रमण हुँदा दुखाइसँगै घाँटीमा रातोरातो देखिने गर्दछ भने ब्याक्टेरियाको कारणले भएको सङ्क्रमणले घाँटीमा सेतो पीप देखिने गर्दछ । घाँटीको सङ्क्रमणमा केही खास ब्याक्टेरिया जिम्मेवार रहने गर्दछ ।

‘स्ट्रेप्टोकोकस’ नामक ब्याक्टेरिया अन्य ब्याक्टेरियाको तुलनामा घाँटीको सङ्क्रमण गराउन सक्रिय रहने गर्दछ । जसले गर्दा घाँटीमा अप्ठ्यारो महसुस हुने, यताउती गर्न पनि निकै कठिन हुने, अत्यधिक दुखाइ महसुस हुने, ज्वरो आउने, घाँटीभित्र रातो हुने गर्दछ । त्यसका साथै टन्सिलाइटिस हुने कहिलेकाहीँ घाँटीबाट पीप निस्कने, घाँटीमै पीप जम्ने, निल्न गाह्रो हुने, बोल्न कठिन हुनेजस्ता लक्षण देखा पर्दछन् । सामान्य अवस्थामै उपचार गरे तत्काल निको हुने समस्यालाई हेलचक्र्याइ




गरेमा त्यसको नतिजा गम्भीर आउनसक्ने भएकाले यस्ता लक्षण देखापर्नासाथ तुरुन्त उपचार गराइहाल्नुपर्छ ।

**एन्टिबायोटिक र पेनकिलरको दुरूपयोग**

अधिकांश मानिसहरू सामान्य घाँटी दुखाइ महसुस हुनासाथ चिकित्सकको परामर्शबिना औषधि पसलेबाट किनेर एन्टिबायोटिकसाथै पेनकिलरजस्ता औषधि सेवन गर्ने गर्दछन् । यसरी जथाभावी यस्ता औषधि सेवा गर्नाले हाल एन्टिबायोटिक तथा दुखाइकम गर्नेजस्ता औषधिको अत्यधिक दुरूपयोग भइरहेको डा. दाहाल बताउनुहुन्छ । उहाँका अनुसार घाँटी दुख्नासाथ एन्टिबायोटिक तथा पेनकिलरको प्रयोग गर्नु उचित हुँदैन । कहिलेकाहीँ हड्डी आएको समस्याले पनि घाँटी दुख्ने गर्दछ । यस्तो अवस्थामा के कारणले घाँटी दुखेको ?, घाँटीको सङ्क्रमण भएमा कुन अवस्थामा छ ?, कस्तो औषधि सेवन गर्नेजस्ता जानकारीबिना आफूखुसी पेनकिलर, एन्टिबायोटिक औषधिको सेवन गर्नाले मुटु, मिर्गौला, कलेजो लगायतका संवेदनशील अङ्गहरूलाई असर पुगी नियमित कार्य गर्न सक्दैनन् । त्यसैले चिकित्सकको परामर्शबिना आफूखुसी यस्ता औषधिको सेवन गर्नु उपयुक्त हुँदैन ।

कतिपय बिरामीहरूले चिकित्सकले दिएको एन्टिबायोटिक औषधिसमेत नियमपूर्वक सेवन गरेका हुँदैनन् । औषधि सेवन गर्ने क्रममा आराम महसुस हुनासाथ बढी औषधि किन सेवन गर्ने भन्ने ठानी आफूखुसी औषधि सेवनमा रोक लगाउने गर्दछन् । ब्याक्टेरिया तथा भाइरसलाई पूर्णरूपमा मार्न सेवन गरिने त्यस्ता औषधि मात्रा पूरा नगरी छोड्नाले फेरि सक्रिय भई सङ्क्रमण गर्नसक्ने भएकाले एन्टिबायोटिकको पूरा मात्रा सेवन गर्नुपर्दछ ।

घाँटीको सङ्क्रमणले निम्त्याउने खतरा घाँटीको सङ्क्रमण भएको समयमा यसलाई हेलाचक्र्याइ गरेको खण्डमा यसले निकै खतरा निम्त्याउने भएकाले समयमै उपचार गराउन चिकित्सकले सुझाव दिएका छन् ।


घाँटी दुख्ने, निल्न गाह्रो हुने, ज्वरो आउने, घाँटीभित्र रातो देखिने, टन्सिलाइटिस हुनेजस्ता लक्षण घाँटीको सङ्क्रमण हुन् । यस्ता कुनै लक्षण देखापरेमा तुरुन्त सम्बन्धित चिकित्सक तथा स्वास्थ्य संस्थामा गई जचाइहाल्नुपर्छ । समयमै उपचार नभएमा बारम्बार टन्सिलाइटिस भई पीप जम्ने, रगतको माध्यमबाट सङ्क्रमणका जिवाणु मुटुको भल्भमा पुगेर भल्भलाई बन्द गरी भल्भ फेर्नुपर्ने अवस्थासमेत आउनसक्छ । घाँटीमा पीप जमेर बसिरहँदा शल्यक्रिया गरेर जम्मा भएको पीपलाई निकाल्नुपर्ने हुन्छ । **रासस**

# स्थानीय खेल गेम बल र त्यसका सामान्य नियम तथा खेल विधि

✍ सत्यराम कासिछ्वा

हुन त भक्तपुरलाई खुला विश्वविद्यालयको रूपमा हेर्ने गरिन्छ । यहाँको सम्पदा, कला संस्कृति र संस्कारले भक्तपुर विश्व समुदायमा मौलिक सभ्यता बोकेर ऐतिहासिक र सांस्कृतिक नगरको रूपमा परिचित छ ।

आफ्नै पाठ्यक्रम लागू गर्ने देशकै पहिलो स्थानीय तहमध्ये भक्तपुर नगरपालिका रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संविधानसभाको संविधानले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले विसं २०७५ देखि नै कक्षा १ र ६ मा स्थानीय पाठ्यक्रम लागु गरेको थियो । पाठ्यक्रममा भक्तपुरको इतिहास, भूगोल, कला संस्कृति, रहनसहन तथा जीवनशैली, स्थानीय उपचार विधि र खेलहरूको जानकारी समावेश गरिएको छ । नैतिक सीप र



शिक्षा सहित परिमार्जित स्थानीय पाठ्यक्रम २०८२ पनि कार्यान्वयनमा रहेको छ ।

गेम बल भनेर स्थानीय बोलीचालीमा प्रयोग गरिन्छ । खासमा यस खेलमा ईंटका टुक्राहरू एकमाथि अर्को राखेर बनाइन्छ । त्यसलाई भत्काएर पुन: बनाउनु नै गेम बल कासा हो ।

यो खेल पहिले विद्यालयमा पढ्ने बालबालिका खेल्ने गरिन्थ्यो । यस खेलको लागि स्थानीय रूपमा उपलब्ध हुने कागज तथा कपडाको भुत्रोलाई धागोले बेरिएर बलको आकृति दिइन्छ । ससाना ईंटाका टुक्रा, चुङ्गी तथा कागज तथा कपडाको भुत्रोबाट बल बनाइन्छ ।

सामान्यतया यो खेल खेल्न कुनै पनि प्रकारको चौरको आवश्यकता छैन । यो खेल भट्ट हेर्दा क्रिकेटफैं जस्तो देखिन्छ । समयको विकाससँगै यस खेललाई नियममा रूपान्तरण गर्न जरुरी छ ।

यो खेलमा सामान्य नियमभन्दा अरु कुनै मापदण्ड निर्धारण भएको पाइँदैन । भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम र त्यसको लागि आवश्यक सन्दर्भ सामग्रीहरू निर्माण गरिरहेको छ । भक्तपुरमा स्थानीय स्रोत साधन प्रयोग गरी खेलिएका खेलहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिँदै आएको छ । गेम बल कासालाई पनि स्थानीय खेलको रूपमा पाठ्यक्रममा समावेश गरिएको छ ।

सामान्यतया नियम बनाउँदा १५ मिटरको लम्बाइ र १० मिटरको चौडाइ क्षेत्र भएको चौर वा कोर्ट भएमा खेल बढी रोमाञ्चक देखिन्थ्यो । कोर्टमा १० मिटरको ठीक बिचमा तथा १५ मिटरको ३ मिटरभित्र पारेर ईंटाका टुक्रा माथि टुक्रा ईंटा ७ देखि ९ वटा जोडिएर बनाउँदै सबैभन्दा माथि चुङ्गी तथा कागज तथा कपडाको भुत्रोबाट बनेको बल राख्नुपर्छ । ईंटाको चाङदेखि ५ मिटर दूरीमा विभिन्न ५ वा ७ खेलाडीमध्ये १ जनाले उक्त चाङ बल वा ईंटाको टुक्राद्वारा भत्काउनुपर्छ । चुङ्गी तथा कागज तथा कपडाको भुत्रोको बल टिपेर ईंटाका चाङको आसपासमा एक जना डुम वा नेताले भकिएको सो चाङलाई पुन: बनाउन दिँदैन । उक्त डुमले भत्काएको चाङलाई पुन: पहिलाकै स्थितिमा निर्माण गर्न खोज्ने खेलाडीलाई कागज तथा कपडाको भुत्रोबाट बनेको बल वा चुङ्गीले हानेर जित्न खोज्छ । डुमले सबै खेलाडीलाई चाङ पुन: बनाउन नदिई चुङ्गीले हान सकेमा डुमको जीत हुन्छ । यदि भकिएको ईंटाको चाङ ५/७ खेलाडीमध्ये कुनै एक खेलाडीले बनाउन सकेमा उसको जीत हुन्छ ।

# कृषि औजारमार्फत आलु रोप्दै किसान

चितवन, १ मङ्सिर । यहाँका किसानले आलु खेतीका लागि नयाँ प्रविधिको प्रयोग गर्न थालेका छन् । पूर्वी चितवनको खैरहनीमा किसानले भारतबाट आलु लगाउने औजार ल्याएर रोप्न थालेका छन् । विगत लामो समयदेखि आलुखेती गर्दै आउनुभएका खैरहनी नगरपालिका-१० का कृष्ण अर्याल भारतबाट उपकरण झिकाएर आलु रोपेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “खर्च कम आउने, पानी लगाउन सजिलो हुने र आकर्षक देखिने भएकाले यो औजार मगाएका हौं ।” सुरुआतमा यसको प्रभावकारिता हेर्ने भनेर ल्याइएको भए पनि अहिले आलुखेती गर्ने किसानले यही राख्ने योजनामा रहेको उहाँले बताउनुभयो ।

आलुको बीउ रोप्न र खन्न यसले सहज हुने गरेको उहाँले जानकारी दिनुभयो । किसान अर्यालले हरेक वर्ष पाँच बिघा क्षेत्रफलमा आलुखेती गर्दै आउनुभएको छ । उहाँका अनुसार मजदुर लगाउँदा एक कठ्ठामा रु. एक हजार खर्च आउने गर्दथ्यो । अहिले यो औजारले एक बिघा ६ कट्ठा ( २६ कट्ठा) रोप्नका लागि तीन घण्टा लागेको उहाँले सुनाउनुभयो ।

सो क्षेत्रफलमा आलु रोप्दा तीन घण्टाको रु. ६ हजार ६ सयमा आलु रोपिएको उहाँले जानकारी दिनुभयो । खैरहनीमानै आलुखेती गर्दै आउनुभएका किरण आचार्य, मधु उप्रेती, दिपेन्द्र आचार्य, सीताराम अर्याल, रत्ननगरमा आलु खेती गर्दै आउनुभएको मधुर नेपाल लगायतका किसानले प्रविधिको प्रयोग गरेर आलु रोपिसक्नुभएको छ ।

किसान आर्यालले भन्नुभयो, “उपकरण केही ढिला गरेर आउँदा सबै किसानले यसको प्रयोग गर्न पाएनन् । आगामी याममा सबैले यसको प्रयोग गर्ने छन् ।” यस उपकरणले चारवटा लाइनमा मल र बीउ एकै पटक खसाल्ने गरेको अर्का किसान सीतारमा अर्यालले जानकारी दिनुभयो ।

यसले एक पटकमा चार क्वीन्टल बीउ र एक क्वीन्टल मल बोकेर रोप्ने गर्दछ । यसका लागि ४० देखि ५० ग्रामका एकनासे आलुका बीउ हुँदा रोप्न सजिलो हुने उहाँले बताउनुभयो । ठूला गरामा यसको प्रयोग गर्दा छिटो हुने गरेको किसानले बताएका छन् । यो औजारको प्रयोगले आलुखेती गर्ने किसानलाई सहज बनाएको छ ।

अहिले आलु लगाउने मुख्य मौसमको रूपमा रहेको छ । केही समय अघि लगाएर उम्रने समयमा आएको बेमौसमी वर्षाका कारण यस क्षेत्रका किसानले क्षति व्यहोर्नु परेको छ । बेमौसमी वर्षात्का कारण यहाँ लगाइएको आलुको बीउ कुहिएको थियो । कृषि विकास कार्यालय चितवनका बागबानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार जिल्लाको ९७ दशमलब ७ हेक्टर क्षेत्रफलमा लगाइएको आलुको बीउ कुहिएको छ ।

एक हेक्टर क्षेत्रफलमा दुई हजार किलो आलुको बीउ प्रयोग हुने गर्दछ । उहाँले भन्नुभयो “आलुको बीउ कुहिएसँगै किसानले बीउ नपाउने र मूल्य नपाउनसक्ने जनाउँदै खेती परिवर्तन गर्न थालेका छन् ।” जिल्लामा एक हजार ९९० हेक्टर क्षेत्रफलमा आलुखेती गरिँदै आएको छ । अहिले वर्षातका कारण बीउ उम्रने समयमा कुहिएपछि केही क्षेत्रफल घट्न सक्ने कार्यालयले जनाएको छ ।

किसानले उत्पादनपछि बजार मूल्य नपाउने हो कि भन्ने डरले आलु लगाउने जग्गामा राजमा, सीमिजस्ता बाली लगाउन थालेको उहाँले जानकारी दिनुभयो । जिल्लामा विशेषगरी खैरहनी नगरपालिका, राप्ती नगरपालिका, रत्ननगर नगरपालिका, भरतपुर महानगरपालिका र माडी नगरपालिकामा आलुखेती हुने गरेको छ । प्रतिकिलो रु. ६० मा किनेर लगाएको आलुको बीउ कुहिएपछि किसान चिन्तित बनेका छन् । पुन: लगाउनका लागि आलुको बीउ पाउनसमेत कठिन भएको छ । चौहानले भन्नुभयो, “कतिपयले बीउ कुहिए पनि पुन: आलु खेती नै गरेका छन् भने कतिपयले खेती परिवर्तन गरेका छन् ।” **रासस**

# परम्परागत कपास खेती प्रवर्द्धन गर्दै अरुण गाउँपालिका

भोजपुर, १ मङ्सिर । भोजपुरको अरुण गाउँपालिकाले परम्परागत कोगटी (कपास) खेती संरक्षण र प्रवर्द्धन थालेको छ । गाउँपालिकाले हराउँदै गएको यो परम्परागत खेतीलाई जोगाउँदै व्यावसायिक रूप दिन प्रयास थालेको हो ।

कपासबाट धागो कातेर हातले कपडा बुन्न सकिने भएकाले यसबाट बन्ने कपडाको मूल्य उच्च हुने गर्दछ । कोगटीखेती गर्दै आएका स्थानीय कृषक देवकुमार राईका अनुसार एक थान कोगटीबाट बनेको कपडा रु. २५ हजारदेखि ३५ हजारसम्ममा बिक्री हुन्छ ।

अहिले उहाँले २० रोपनीमा क्षेत्रमा कोगटीखेती गरिरहनुभएको छ । कोगटीबाट बनेको खैरो कपडा महङ्गो पर्ने उहाँको भनाइ छ । उहाँले यसको खेतीबाट गत वर्ष मात्र रु. तीन लाख ५० हजार आम्दानी गरेको बताउनुभयो ।

कोगटीबाट खैरो र सेतो गरी दुई प्रकारका धागो उत्पादन हुन्छ । त्यसलाई तानमा लगाएर दौरा-सुरुवाल, कोट, टोपी, झोला, रुमाललगायतका कपडा बनाइन्छ । बजारमा यसको माग उच्च रहेको सिमटार कृषक समूहका अध्यक्ष दर्जकुमार राईले बताउनुभयो । १९ जना किसान मिलेर २५ रोपनी क्षेत्रमा सामूहिक कोगटीखेती गर्दै आएको उहाँले बताउनुभयो ।

गाउँपालिकाले कोगटीखेती संरक्षण र विस्तारका लागि उन्नत जातका बीउ, खेतीका लागि औजार-उपकरण, र कोगटीको धागोबाट हातको सहयताले कपडा बनाउने तालिम उपलब्ध गराउँदै आएको अध्यक्ष शालिकराम खत्रीले जानकारी दिनुभयो । सङ्घीय सरकारको लघु घरेलु तथा साना उद्योग कार्यालयबाट प्राप्त रु. ३० लाख बजेटमा कोगटी प्रशोधन मेसिन, परम्परागत तान-चर्खा, तालिम तथा उद्योग भवन मर्मतसमेत गरिएको छ ।

यस वर्ष गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा रु. २५ लाख बराबरको कोगटीखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने भएको छ । वडा नं ६ का अध्यक्ष गणेश टक्का राईका अनुसार जरायोटारको सिमटार, जोगीटार, वैरेनी, बास्ताङ, बसेरी, चोम्टाङ क्षेत्रमा कोगटीखेती बढी हुने गरेको छ । यहाँका २५-३० घरधुरीले व्यावसायिक रूपमा खेती गर्दै आएका छन् ।

**रासस**

# पूर्वप्रधानमन्त्री शेख हसिनालाई ‘मानवताविरुद्धको अपराध’ मा मृत्युदण्ड

ढाका, १ मङ्सिर (एएनआई)। बङ्गलादेशको एक विशेष अदालतले अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई सन् २०२४ को जुलाई-अगस्ट विद्यार्थी विद्रोहका क्रममा ‘मानवता विरुद्धका अपराध’ गरेको ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको छ।

अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण-१ (आइसिटी-१) ले सोमबार दिउँसो सुनाएको ऐतिहासिक फैसलामा हसिनासहित तीन जना शीर्ष राजनीतिक तथा सुरक्षा नेतृत्वलाई दोषी ठहर गरिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

ढाका ट्रिब्युनका अनुसार न्यायाधिकरणले हसिनालाई मानवताविरुद्ध अपराधका पाँचवटै अभियोगमा दोषी ठहर गर्दै उहाँको आदेश, उक्साहट र नियन्त्रण असफलताले देशव्यापी हिंसा चर्किएको निष्कर्ष निकालेको छ। अदालतले हसिना, पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुन र पूर्व गृहमन्त्री असदुज्जमान खान कमालले विद्यार्थी आन्दोलन दमनका लागि अत्याचारको योजना बनाएको र सक्षम पारेको ठहर गरेको हो।

७८ वर्षीया शेख हसिना हाल भारतमा निर्वासनमा रहनुभएको छ। उहाँको अनुपस्थितिमै मुद्दा चलाइएको थियो। असदुज्जमान पनि भारतमै रहेको विश्वास गरिन्छ। उहाँहरू दुवै जनालाई फरार अभियुक्त घोषित गरिएकाले मुद्दा अनुपस्थितिमै अघि बढाइएको थियो।

अदालतलाई उद्धृत गर्दै अल जजिराले भन्यो, “अभियुक्त शेख हसिनाले



आफ्ना उक्साहटपूर्ण आदेशहरूमार्फत मानवताविरुद्ध अपराध गर्नुभयो र आरोप नं १ अन्तर्गत रोकथाम तथा दण्डात्मक कदम लिन असफल हुनुभयो।” विशेष न्यायाधिकरणले थप जनाएको छ, “आरोप नं २ अन्तर्गत उहाँले ड्रोन, हेलिकप्टर र घातक हतियार प्रयोग गर्न आदेश दिनुभएको थियो, जसले मानवताविरुद्ध अपराधलाई आकार दियो।”

बङ्गलादेश टेलिभिजनले मुख्य न्यायाधीश गुलाम मुर्तजाको अध्यक्षतामा रहेको तीन सदस्यीय बेन्चबाट फैसला प्रत्यक्ष प्रसारण गरेको थियो। बेन्चका अन्य दुई सदस्यमा न्यायाधीश मोहम्मद सोफिउल आलम महमुद र न्यायाधीश मोहम्मद मोहितुल हक इनाम चौधरी रहनुभएको थियो।

एक मात्र हिरासतमा रहेका अभियुक्त, पूर्व प्रहरी प्रमुख मामुनलाई सोमबार बिहान अदालत ल्याइएको थियो। उहाँ यसअघि नै दोषी ठहर भइसक्नुभएको छ र राज्यका साक्षी बन्नुभएको छ।

फैसलाअघि अदालत परिसर तथा वरिपरि उच्चस्तरीय सुरक्षा व्यवस्था मिलाइएको थियो। केही पीडितका परिवारहरू त्यसैदिन अदालतमा उपस्थित भएर कडा सजायको माग गरेका थिए।

दोस्रो दिनदेखि हसिनाको पार्टी अवामी लिगले देशव्यापी ‘पूर्ण बन्द’ को घोषणा गरेको छ। ढाकासहित केही क्षेत्रमा छिटपुट विस्फोट र गाडी जलाइएका घटनाहरू रिपोर्ट भएका छन्।

आइसिटी-१ ले पाँचवटा अभियोगमा अभियुक्तहरूलाई दोषी ठहर गरेको छ। जसमा ढाकामा प्रदर्शनकारीहरूको सामूहिक हत्या, भीडमाथि गोली चलाउन ड्रोन र हेलिकप्टर प्रयोग, विद्यार्थी कार्यकर्ता अबु सैयदको हत्या, आशुलियामा शव जलाएर प्रमाण नष्ट गर्ने र चन्खरपुलमा विद्यार्थीहरूको समन्वित हत्या समावेश छन्।

मुद्दाको औपचारिक कागजात आठ हजार ७४७ पृष्ठका रहेका छन्, जसमा सन्दर्भहरू, जफत सामग्री तथा पीडितहरूको विस्तृत विवरण समावेश छ। हसिनाले सन् २०२४ जुलाई १४ मा गणभवनमा पत्रकार सम्मेलनमार्फत गरेको उक्साहटपछि कानुन प्रवर्तन निकाय र सत्तारूढ दलका कार्यकर्ताहरूले विद्यार्थीहरूलाई लक्षित गरी व्यवस्थित आक्रमण गरेको अभियोजन पक्षको आरोप छ।

ढाका ट्रिब्युनका अनुसार अदालतले हसिना, कमाल र मामुनले यी आक्रमणहरू उक्साएको, निर्देशन दिएको वा रोक्न असफल भएको, जसका कारण हत्या, हत्या प्रयास र यातनासहितका कृत्यहरू फैलिएको थियो भनी मूल्याङ्कन गरेको छ।

सन् २०२४ अगस्ट ५ मा ढाकाको चन्खरपुल क्षेत्रमा प्रहरीले गोली चलाउँदा छ विद्यार्थीको मृत्यु भएको र त्यसको प्रत्यक्ष जिम्मेवारी शीर्ष नेतृत्वमाथि परेको अदालतको निष्कर्ष छ। त्यही दिन आशुलियामा पनि छ जनालाई गोली हानेर पाँच जनाको शव जलाइएको र एक जनालाई जीवितै जलाइएको आरोप कागजातमा उल्लेख छ।

प्रतिरक्षा वकिल मोहम्मद अमिर हुसेनले भने सबै आरोप झुट्टा र बनावटी रहेको दाबी गर्दै शेख हसिनाले कुनै पनि हत्याको आदेश दिएको प्रमाण नभएको प्रतिक्रिया दिनुभएको छ। उहाँका अनुसार हिंसा ‘अलग समूहले’ गराएको थियो।

सन् २०२४ अगस्टमा बङ्गलादेशबाट भागेर शेख हसिना नयाँ दिल्लीमा बस्दै आउनुभएको छ। त्यहींबाट उहाँले सबै आरोप अस्वीकार गर्दै आइरहनुभएको छ।

# २७ औं विविध भाषा साहित्य सम्मेलनको समीक्षा




भक्तपुर, १ मङ्सिर। २७ औं विविध भाषा साहित्य सम्मेलनको समीक्षा बैठक आइतबार बस्यो। नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका अध्यक्ष अनुराधा थापामगरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरूले २७ औं विविध भाषा साहित्य सम्मेलनको समीक्षा गर्दै यसलाई अझ व्यवस्थित एवं प्रभावकारी बनाउन विभिन्न सरसल्लाह दिनुभएको थियो।

बैठकमा ने.म.कि.पा. मध्यपुर नगर समितिका अध्यक्ष रमेश वैद्य र विविध भाषा साहित्यिक समाजका अध्यक्ष प्रेम के. निडरले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

२७ औं विविध भाषा साहित्य सम्मेलनका अध्यक्ष विजय प्रजापतिले साहित्य सम्मेलन भव्य रूपमा सफल गर्न सहयोग गर्ने सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्दै विविधले २७ औं वर्षदेखि पुऱ्याउँदै आएको योगदानको चर्चा गर्नुभयो। देश र जनताको पक्षमा लेखिने साहित्य र सांस्कृतिक पक्षलाई टेवा पुऱ्याउँदै आएको कुरामा पनि उहाँले जोड दिनुभयो।

# वीरेन्द्रनगरमा वडा भेला

सुर्खेत, १ मङ्सिर। नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर वडा नं. २ मा कार्यकर्ता भेला भयो।

भेलामा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य एवम् पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले पार्टीको सिद्धान्तअनुसार काम गर्ने कार्यकर्ताको कर्तव्य भएकाले जनताको पक्षमा निरन्तर आवाज उठाउनुपर्ने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समितिका सदस्य धनेन्द्र विकले पार्टी भनेको सिद्धान्त र विचार भएकोले विचारलाई जनतामाझ पुऱ्याउन हरेक पार्टी सदस्य लागिपर्नु बताउँदै पार्टी नयाँ बनाउँदैमा परिवर्तन हुने भए विगतमा धेरै पार्टी नयाँ बनेको तर भागबन्डा र कमिसनमा लागेकाले नयाँ बनेको दल पनि सत्तामा जाने भऱ्याङ बनाएको बताउनुभयो।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाही, प्रेम सिजापति, रामप्रसाद तिमिल्सिना र वीरबहादुर रावतले पनि बोल्नुभएको थियो।

भेलाले नरबहादुर बुढाको अध्यक्षतामा ९ सदस्यीय नेपाल मजदुर किसान पार्टी वडा नं. २ समिति गठन गठन गरेको छ।

# बाँकेमा गोमादेवी शाहीको सातौँ स्मृति सभा

बाँके, १ मङ्सिर। नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको आयोजनामा गोमादेवी शाहीको सातौँ स्मृति कार्यक्रम बाँकेको कोहलपुरमा सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि हरिलाल न्यौपानेले शाहीको योगदानबारे चर्चा गर्दै मृतक शाहीले निरङ्कुश पञ्चायती शासनको बेला गुप्तरूपमा पार्टीमा रहेर सहयोग गरेको बताउनुभयो। विभिन्न जनआन्दोलनमा सक्रिय सहभागिता जनाउँदै आएका उहाँले पार्टी जिल्ला समितिको सदस्य हुँदै महिला सङ्घ जिल्ला समिति बाँकेको अध्यक्ष भएर काम गर्दै आएको बताउनुभयो।

नविनकुमार शाहीले शत्रुसामु नझुकी दत्तचित्त भएर लड्ने उहाँको कार्यबाट पाठ सिक्नुपर्ने बताउनुभयो।

प्रदेश समिति सदस्य नारायणी चौधरीले शाहीको प्रेरणाले महिला दिदीबहिनी सङ्गठित भई उहाँका अधुरो सपना पूरा गर्न लाग्नुपर्ने भन्नुभयो।

अन्जिरबहादुर शाहीले शाहीको जीवनीबारे चर्चा गर्नुभयो।

बाँकेका अध्यक्ष शेरबहादुर विकको सभापतित्वमा भएको सो कार्यक्रममा गौरीकान्त आचार्य र जिल्ला समितिका सचिव धनबहादुर सिजापतिले पनि बोल्नुभएको थियो।

स्मरणीय छ, गोमादेवी शाहीको २०७५ साल कार्तिक २८ गते सवारी दुर्घटनामा निधन भएको थियो।

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

संस्थाको खँचास्थित स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू




- दैनिक रूपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा: सोमबारदेखि शनिबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म।
- फिजियोथेरापी सेवा: सोमबारदेखि शुक्रबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म।
- डेन्टल सेवा: सोमबारदेखि शनिबार बिहान ९:०० बजेदेखि २:०० बजेसम्म।
- डा. रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा: प्रत्येक शनिबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म।

पुनश्च : संस्थाको कार्यालय भवनबाट बिहान ८ बजेदेखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिकबाट बिहान ७ बजेदेखि ९ बजेसम्म निःशुल्क रक्तचाप परीक्षण भइरहेको जानकारी गराइन्छ।

स्वास्थ्य उपसमिति

गतिविधि





संस्थाको आ.व २०८२/८३ को प्रथम त्रैमासिक प्रगति समीक्षा बैठकमा छलफल गर्नुहुँदै संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति एवं विभागीय कर्मचारीहरू। (कार्तिक ३०)

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

हाम्रो अरनिको बचत तथा ऋण सहकारी संस्था लि.
ब्यासी-२, भक्तपुर, फोन नं. ०१-६६१५९८६

**१५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८२ कार्तिक ०२ गते बसेको सञ्चालक समितिको बैठक निर्णयानुसार १५ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ।

**छलफलका विषयहरू :**

१) आ.व.२०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा।
२) आ.व.२०८१/०८२ को आयव्यय विवरण तथा आ.व.२०८२/०८३ को अनुमानित बजेट सम्बन्धमा।
३) आ.व.२०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र आ.व. २०८२/०८३ को संस्थाको लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा।
५) साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
६) विविध।

**कार्यक्रम**
**मिति** : २०८२ मङ्सिर १३ गते, शनिबार।
**समय** : बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म।
**स्थान** : संस्थाको कार्यालय, ब्यासी-२, भक्तपुर नगरपालिका

**नोट** : कार्यक्रममा उपस्थित हुँदा सम्बन्धित व्यक्तिले पासबुक वा परिचयपत्र लिई उपस्थिति हुनुहोला। साथै आ.व.२०८१/०८२ को लाभांस वितरण १०% प्रादन गर्ने।

*सञ्चालक समिति*

***नेपाली...***
नलाग्ने निर्णय महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेबाट भएको सार्वजनिक भयो। ‘डिम्ब’ तस्करीमा लागेका डा. स्वस्ति शर्मा, डा. पालिना चौधरी, अश्मि अधिकारी, जस्टिना प्रधान र अलिशा वली प्रहरी नियन्त्रणमा परेपछि हाजिर जमानीमा छुटेको र अहिले सरकारी वकिलले मुद्दा नचलाउने निर्णय गरेको सार्वजनिक भएको सत्य हो कि होइन ?

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा